# वीरभूमि खण्डकाव्यको कृतिपरक अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण
समितिको स्नातकोत्तर तह दोस्रो वर्षको
दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधकर्ता
गोकर्णप्रसाद अधिकारी
स्नातकोत्तर द्वितीय वर्ष
२०७१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षका छात्र गोकर्णप्रसाद अधिकारीले दसौं पत्रको प्रयोजनका निमित्त **वीरभूमि खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक सम्पन्न गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

..............................................

भानु घिमिरे

सह-प्राध्यापक

रत्नराज्यलक्ष्मी क्याम्पस

नेपाली विभाग

काठमाडौं ।

मिति : २०७१/०९/०६

# त्रिभुवन विश्वविद्यालय
# रत्नराज्यलक्ष्मी क्याम्पस
# प्रदर्शनी मार्ग, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसको स्नातकोत्तर तह (नेपाली) द्वितीय वर्षका छात्र श्री गोकर्णप्रसाद अधिकारीले दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **वीरभूमि खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र उक्त तहका निम्ति उपयुक्त देखिन आएकोले स्वीकृति गरिएको छ ।

| ................................... | ................................... | ................................... |
|---|---|---|
| **भगचन्द्र ज्ञवाली** | **भानु घिमिरे** | **डा. जगदीशचन्द्र भण्डारी** |
| प्राध्यापक | सह-प्राध्यापक | प्राध्यापक |
| (विभागीय प्रमुख) | शोध निर्देशक | वाह्य परीक्षक |

मिति : २०७१/९/११

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजन पूरा गर्न वीरभूमि खण्डकाव्यको कृतिपरक अध्ययन शीर्षकको यो शोधपत्र मैले आदरणीय गुरु श्री भानु घिमिरे ज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यस कार्यका लागि विषय तथा आवश्यक सामग्री समेत उपलब्ध गराई उहाँले दिनु भएको सद्भावपूर्ण सल्लाह र सुझावप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर प्रदान गर्नु हुने रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागका विभागीय प्रमुख आदरणीय श्री भगवानचन्द्र ज्ञवालीप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक सामग्री दिई सहयोग गर्नु भएकामा उहाँप्रति आभार प्रकट गर्दछु । आफ्नो कार्य व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय निकालेर समय समयमा प्रत्यक्ष रूपले निर्देशनहरू, सुझाव दिई अनुसन्धानात्मक कार्यप्रति उत्प्रेरित गर्नु हुने रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई जन्म दिएर पालपोषण गर्न र शिक्षादीक्षा दिनमा सधैँ तल्लीन रहनु हुने मेरा पिता स्व. पद्मनिधि अधिकारी तथा माता रोमकुमारी अधिकारीप्रति म आफू आजीवन ऋणी रहनेछु । यसैगरी शोधपत्र तयार गर्नका लागि बारम्बार घच्घच्याइरहने सहृदयी मित्रहरूलाई धन्यवाद दिनै पर्छ । यसैगरी शोधपत्र तयार पार्न आवश्यक सहयोग गर्ने मेरी पत्नी आरती अधिकारीलाई पनि विशेष धन्यवाद दिन्छु । यस शोधकार्यलाई शुद्धताका साथ टङ्कन गरी सहयोग गर्नु हुने युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टर कीर्तिपुरका जनकबहादुर सामरी लाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, काठमाडौं समक्ष पेस गर्दछु ।

शोधार्थी
गोकर्णप्रसाद अधिकारी
रत्नराज्यलक्ष्मी क्याम्पस
नेपाली विभाग
काठमाडौं ।

प्रवेश क्रमाङ्क : ९ (नवौ)
परीक्षा क्रमाङ्क : ४००२२२
त्रि.वि.दर्ता नं. : १४८९०-८८
मिति : २०७१।१२।१०

# विषय सूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| **परिच्छेद-एक : शोध परिचय** | **१** |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्या कथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य | ३ |
| १.८ शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ शोध विधि | ४ |
| १.१० शोध पत्रको रूपरेखा | ५ |
| **परिच्छेद-दुई : खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया** | |
| २.१ साहित्यको एक विधाको रूपमा कविता | ६ |
| २.२ कविताका रूप | ७ |
| २.२.१ लघुतम रूप | ७ |
| २.२.२ लघुरूप | ८ |
| २.२.३ खण्डकाव्य | ८ |
| २.२.४ महाकाव्य | ९ |
| २.३ खण्डकाव्य सिद्धान्त र परिभाषा | १२ |
| २.४ खण्डकाव्य तत्त्वहरू | १३ |
| २.४.१ शीर्षक विधान | १३ |
| २.४.२ कथावस्तु | १३ |
| २.४.३ पात्र विधान | १३ |
| २.४.४ परिवेश | १४ |
| २.४.५ मूलभाव वा केन्द्रीय कथ्य | १५ |
| २.४.६ भाषाशैली | १५ |

२.४.७ लय १६

२.४.८ कथन पद्धति १७

२.४.९ विम्ब-प्रतीक विधान १७

२.५ नेपाली खण्डकाव्यको विकास क्रम १८

२.५.१ प्राथमिक काल १८

२.५.२ माध्यमिक काल २०

२.५.३ आधुनिक काल २१

**परिच्छेद-तीन : भगवानचन्द्र ज्ञवालीको जीवनी र व्यक्तित्व र कृतित्व २६**

३.१ जन्म र जन्मस्थान २६

३.१.१ बाल्यकाल २७

३.१.२ शिक्षा २७

३.१.३ बसोबास २७

३.१.४ व्यावसायिक जीवन २७

३.१.५ निष्कर्ष २८

३.२ भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व २९

३.२.१ निजी व्यक्तित्व २९

३.२.२ साहित्यिक व्यक्तित्व ३०

३.२.३ साहित्येत्तर व्यक्तित्व ३४

३.२.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध ३५

३.२.५ भगवानचन्द्र ज्ञवालीका कृतित्वको अध्ययन ३५

३.२.६ कृतिहरूको परिचय र वर्गीकरण ३६

३.२.७ प्रकाशित तथा अप्रकाशित कृतिहरू ३७

**परिच्छेद-चार : वीरभूमि खण्डकाव्यको विधापरक अध्ययन ३८**

४.१ शीर्षक विधान ३८

४.२ कथावस्तु विधान ३८

४.३ पात्रविधान ४४

४.४ भावभूमि ४७

४.५ उद्देश्य ४९

४.६ सर्गयोजना ४९
४.७ कथन पद्धति ५०
४.८ अलङ्कार विधान ५०
४.९ द्वन्द्व वा लय विधान ५१
**परिच्छेद-पाँच : मूल्याङ्कन तथा उपसंहार ५७**
५.१ मूल्याङ्कन तथा उपसंहार ५७
सन्दर्भ सामग्री सूची

# परिच्छेद : एक

## शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोध शीर्षक 'वीरभूमि' खण्डकाव्यको विधा परक अध्ययन रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोध कार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ विषय परिचय

नेपाली साहित्यको 'खण्डकाव्य' विधा विभिन्न घुम्ती र मोडहरू पार गर्दै अगाडि बढिरहेको छ । यसरी खण्डकाव्यहरू पनि नयाँ-नयाँ प्रयोग तर्फ अग्रसर हुँदै गइरहेको छ । खण्डकाव्य कविता विधाको मझौला स्वरूपसँग सम्बन्धित मानिन्छ । प्राचीनकालदेखि आधुनिककालसम्म आइपुग्दा यस क्षेत्रमा नवीन प्रयोगहरू भइसकेका छन् ।

नेपाली साहित्यको क्षेत्रमा साहित्यकार भगवानचन्द्र ज्ञवाली (२०१३, पाल्पा) कथा, नाटक, एकाङ्की, अनुवाद, समालोचना, सम्पादकीय, साहित्यिक र राजनीतिक लेख जस्ता, विभिन्न साहित्यिक तथा साहित्येत्तर विधामा कलम र चलाउँदै आएका छन् । आफ्ना विभिन्न रचनाका माध्यमबाट नेपाली भाषा र साहित्यिक क्षेत्रमा योगदान दिइरहेका ज्ञवालीको जीवनी र साहित्यिक र साहित्येत्तर व्यक्तित्वको खोजी गर्न बाँकी रहेको अवस्थामा यो शोध गरिएको हो । वि.सं.२०६१ सालको 'दोभान' कथासङ्ग्रह प्रकाशन गरेका ज्ञवालीले वर्तमान समयमसम्म आइपुग्दा विभिन्न साहित्यिक तथा अनुवाद ग्रन्थहरू प्रकाशन गरिसकेका छन् । उनका 'दोभान' (२०६१) कथासङ्ग्रह, 'यात्रा समालोचनाको' (२०६८), चीनको आवधिक (२०६५) अनुवाद, 'जब मरेकाहरू ब्युँझन्छन्' ( २०६१) विश्व चर्चित उपन्यासहरूको कथासार (२०६२) अनुवाद, आर्किमिडिजको सिद्वान्त (२०६४) जोशी, मार्क्स र माओ (२०६३) अनुवाद, असामान्य मनोविज्ञान (२०६२), 'वीरभूमि' (२०७०) खण्डकाव्य, आदि कृतिहरू प्रकाशित भइसकेका छन् भने उनका केही कृतिहरू प्रकाशोन्मुख

अवस्थामा छन् । उनका प्रकाशोन्मुख कृतिहरूमा कवितासङ्ग्रह, गर्हित (उपन्यास), दुई सत्ताको कथा (उपन्यास) समालोचना सङ्ग्रह छन् । यसरी नेपाली भाषा साहित्यमा भगवानचन्द्र ज्ञवालीबाट भएको उल्लेखनीय योगदानको खोजी गर्ने उद्देश्यले यो शोध कार्य लागिएको हो । भगवानचन्द्र ज्ञवालीको पछिल्लो प्रकाशित कृति वीरभूमि (२०७०) खण्डकाव्य हो । यो उनको नवीन शैलीमा रचना गरिएको काव्य कृति हो । त्यसैले खण्डकाव्यमा खोज अनुसन्धान गर्ने हेतुले शोध निर्माण गर्न लागिएको हो ।

## १.४ समस्या कथन

यस शोध कार्यको प्रमुख शोध समस्या भनेकै 'वीरभूमि' (२०७०) 'खण्डकाव्य' हो । खण्डकाव्यकार भगवानचन्द्र ज्ञवाली (वि.सं. २०६३) हाल रत्नराज्यलक्ष्मी क्याम्पसमा अध्यापनरत हुनुहुन्छ । एक प्रसिद्ध साहित्यकार हुन् । उनले समालोचनात्मक लेखनका साथै अनुवाद प्रक्रियामा पनि कुशलता प्राप्त गरी सक्नु भएको छ । साहित्यकारको रूपमा जति प्रसिद्धि कमाउनु भएको छ त्यत्तिकै प्राध्यापनको क्षेत्रमा पनि आफ्नो ख्याती कमाई सक्नु भएको छ । भगवान चन्द्र ज्ञवालीको 'वीरभूमि' पनि नेपाली साहित्यको क्षेत्रमा आफ्नै स्थान बनाउन सफल खण्डकाव्य हो । ज्ञवालीको व्यक्तित्व र कृतित्वको अध्ययन अनुसन्धानको क्रममा वीरभूमि खण्डकाव्यको अध्ययन अनुसन्धान हुन नसकेको अवस्थामा प्रस्तुत खण्डकाव्यको लेखनमा रोचक प्रसङ्ग तथा राष्ट्रियता, सामाजिकता र मानवीयता प्रसङ्गहरू तथा 'वीरभूमि' खण्डकाव्यको विधा परक अध्ययनसँग सम्बन्धित प्रमुख समस्याहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

(क) भगवानचन्द्रको ज्ञवालीको साहित्यिक रचना धर्मिता के-कस्तो छ ?

(ख) विधा तत्त्वका आधारमा खण्डकाव्य 'वीरभूमि' के -कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको प्रमुख उद्देश्य काव्यकार भगवानचन्द्र ज्ञवालीद्वारा रचना गरिएको 'वीरभूमि' खण्डकाव्यको विधापरक अध्ययन गर्नु रहेको छ । यही मूल उद्देश्यसँग सम्बन्धित भएर आउने उद्देश्यको श्रृङ्खला यस प्रकार रहेको छ ।

(क) विधा तत्त्वका आधारमा 'वीरभूमि' को अध्ययन विश्लेषण गर्नु,

(ख) 'वीरभूमि' खण्डकाव्यको विषयवस्तुको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

भगवानचन्द्र ज्ञवालीले करिब साढे दुई दशकदेखि साहित्य लेखन कार्यलाई अगाडि बढाउँदै आएका छन् । उनले हालसम्म थुप्रै काव्यकृतिहरू, समालोचना, अनुवाद, पाठयपुस्तक प्रकाशन गरी सकेका छन् । उनका केही काव्यकृतिहरू बारेमा अध्ययन विश्लेषण भए पनि केही कृतिहरूमा भने हुन बाँकी छ । उनका कथा सङ्ग्रह, नाटक, खण्डकाव्य, समालोचना, फुटकर कविता, लेख, रचनाहरूका साथै बी.ए, बी.एड अनिवार्य नेपाली पाठयपुस्तक लेखन र अनुवाद कृतिहरू प्रकाशित छन् । उनको 'दोभान' कथा सङ्ग्रहको मधुसदन पाण्डेद्वारा समीक्षात्मक लेख पुनर्जागरण (२०६३) मा छापिएको शोध कार्यबाट जानकारी प्राप्त हुन्छ । भगवानचन्द्र ज्ञवालीका कृति 'यात्रा समालोचना' को शोधका लेख्ने क्रममा पा.दयाराम श्रेष्ठ 'सम्भव' (२०६८) ले ज्ञवालीको प्रवृत्तिलाई यसरी व्यक्त गरेका छन् । "समालोचक ज्ञवाली ज्यू मूलतः कृति केन्द्रित हुनुहुन्छ । पुरानाका साथै केही वर्षताका कृतिहरू जस्तो तासको जामा, निसाना, र रक्तक्रान्तिको गीतहरू आदि) का बारेमा कलम चलाएर वास्तवमा उहाँले नेपाली पाठकलाई ठूलो गुण लगाई दिनुभएको छ ।" ज्ञवाली साहित्यको बहु विधामा कलम चलाउन सक्ने साहित्यकार हुन् । अङ्ग्रेजी भाषामा लेखिएका कृतिहरुलाई नेपाली भाषामा अनुवाद गर्ने एक सफल अनुवादक पनि हुन् । यसरी उनले गरेको कार्यलाई पूर्व कार्यको रूपमा समीक्षा गर्दा उनलाई कथाकार, नाटककार, कवि, जीवनीकार, समालोचक, लेखक, अनुवादक आदिको रूपमा चित्रण गर्न सकिन्छ । उनका यति धेरै व्यक्तित्वको बारेमा कुनै किसिमको लेख वा समीक्षा र टिप्पणी खासै भएको  पाइँदैन । त्यसैले पनि उनका कृतिहरूको विषयमा अध्ययन विश्लेषण गर्न यो शोध कार्य गर्न खोजिएको छ ।

## १.७ शोध कार्यको औचित्य

बहुमुखी प्रतिभाका धनी भगवानचन्द्र ज्ञवालीको महत्त्वपूर्ण आयाम कवि व्यक्तित्व पनि हो । एक प्रखक पद्य कविको रूपमा उनलाई चिन्न सकिन्छ । त्यसै हुनाले 'वीरभूमि' (२०७०) जस्तो उच्च विषयवस्तु पद्यात्मक शैलीको सफल प्रयोग गर्दै शास्वत पक्षहरूबाट मूल कथा पस्केर त्यसलाई सामाजिकता, मानवीयता र राष्ट्रियता प्रदान गरेका छन् । त्यसैले यस्ता विषयवस्तुलाई समेटेर त्यसको अध्ययन विश्लेषण गरी वास्तविकतालाई सार्वजनिक गर्नु औचित्यपूर्ण देखिन्छ । त्यसैगरी कविका रूपमा भगवानचन्द्र ज्ञवालीलाई चिन्ने, चर्चा गर्ने 'वीरभूमि' खण्डकाव्यको सवल पक्ष उजागर गर्ने औचित्य प्रष्ट हुन्छ । यसका साथै प्रस्तुत शोध कार्य स्नातकोत्तर तहको

अनुसन्धान कार्य हुने भएकोले 'वीरभूमि' खण्डकाव्यका विषयमा तथ्यपरक जानकारी सार्वजनिक हुने भएकाले यसको औचित्य अझ बढी देखिन्छ ।

यसरी साहित्यकार भगवानचन्द्र ज्ञवालीको 'वीरभूमि' खण्डकाव्यको सर्वपक्षीय, विश्लेषक हुन नसकेको अवस्थामा यस कृतिको खण्डकाव्य तत्त्व आधारमा गरिने गहन विश्लेषणले पुस्तकालयीय परम्परागत तथा स्वतन्त्र पाठकहरू समेत लाभान्वित हुने हुनाले यसको औचित्य पुष्टि हुन्छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

साहित्यकार भगवानचन्द्र ज्ञवालीले साहित्यका विविध क्षेत्रमा कलम चलाएका छन् । उनले प्रसस्त फुटकर कविता, खण्डकाव्य, कथा, नाटक आदिको लेखन कार्य गरेका छन् । प्रस्तुत शोध कार्य 'वीरभूमि' खण्डकाव्यको कृतिपरक अध्ययनमा केन्द्रित रहने भएको हुनाले उनका अन्य साहित्यिक विधामा चर्चा नगर्नु यसको सीमा हो । त्यसैगरी प्रस्तुत 'वीरभूमि' खण्डकाव्यलाई विविध कोणहरूबाट अध्ययन विश्लेषण गर्न सकिन्छ तर यस शोधकार्यमा खण्डकाव्य तत्त्वका आधारमा अध्ययन विश्लेषण गर्नु नै यसको मूल सीमा हो ।

## १.९ शोध विधि

प्रस्तुत शोध कार्यको सामग्री सङ्कलन पुस्तकालयीय र अन्तर्वार्ता सम्पर्क विधिबाट गरिएको छ । पुस्तकालयीय विधि अन्तर्गत भगवानचन्द्र ज्ञवालीद्वारा लिखित कृतिहरू प्रमुख सामग्रीका रूपमा रहेका छन् भने सहायक सामग्रीका रूपमा सैद्धान्तिक किताब रहेका छन् । अन्तर्वार्तामा स्वयम् ज्ञवाली र उनका नजिकका केही व्यक्तिहरूसँग सम्पर्क गरिएको छ ।

### १.१०. शोध पत्रको रूपरेखा

प्रस्तुत शोध कार्यलाई निम्नलिखित पाँच परिच्छेदमा सङ्गठित गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : खण्डकाव्य सम्बन्धी सामान्य सिद्धान्त र विकास प्रक्रिया

परिच्छेद तीन : भगवानचन्द्र ज्ञवालीको सामान्य जीवनी र व्यक्तित्व

परिच्छेद चार : 'वीरभूमि' खण्डकाव्यको विश्लेषण

परिच्छेद पाँच : मूल्याङ्कन खण्डकाव्यको विश्लेषण

सन्दर्भ सामग्री


आचार्य, बाबुराम (२०५०), पुराना कवि र कविता (ते.सं.), काठमाडौं साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४४), साहित्य प्रकाशन, चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४८), पूर्वीय साहित्य सिद्धान्त, दो.सं., काठमाडौं, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४६), नेपाली कविता, भाग ४, काठमाडौं साझा प्रकाशन ।

ज्ञवाली, भगवानचन्द्र (२०६१), जब मरेकाहरू ब्यूँझन्छन्, काठमाडौं, विवेक सिर्जनशील प्रकाशन ।

..............., (२०६१), दोभान, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

..............., (२०६३), असामान्य मनोविज्ञान परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

..............., (२०६३), मार्क्सदेखि माओत्सेतुङसम्म, काठमाडौं : विविध पुस्तक भण्डार ।

..............., (२०६८ यात्रा समालोचनाको, काठमाडौं : स्वदेश प्रकाशन ।

..............., (२०७०), वीरभूमि, काठमाडौं : स्वदेश प्रकाशन ।

थापा, सविता (२०६९), भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, शोधपत्र, नेपाली केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस ।

# परिच्छेद : दुई

## खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विकास प्रक्रिया

### २.१ साहित्यको एक विधाका रूपमा कविता

कविता साहित्यको एक प्रमुख विधा हो । साहित्यका मुख्य चार विधा रहेका हुन्छन् । निवन्ध, आख्यान, नाटक र कविता । यी चार विधामध्ये कविता विधा पनि प्रमुख रूपमा आउँछ । "साहित्यमा शब्द र अर्थको, कल्पना र भावनाको भाव र विचारको, अनुभूति र अभिव्यक्तिको सहभाव मात्र हुँदैन त्यसले कल्याणकारी भावनाको सम्पादन पनि गरेको हुनुपर्छ ।"[१] कवितामा लयात्मक एकालापीय कथन पद्धतिको प्रयोग गरी जीवन जगतको वा मानवीय मनको भावनाको कलात्मक र सौन्दर्यपूर्ण अभिव्यक्ति गरिएको हुन्छ । यो साहित्यको पद्य भेद अन्तर्गत पर्दछ । हुन त वर्तमान समयमा गद्यमा पनि कविता लेखिन थालेको छ र यो विधा लोकप्रिय बन्दै गएको छ । गद्य र पद्य कवितालाई लेखिन थालेको छ र यो विधा कवितामा लयको नियमित आयोजना हुन्छ भने गद्य कवितामा त्यति नियमितता र साङ्गीतिकता रहेको पाइदैन । गद्य कविता मुक्त लयमा हुन्छ भने पद्य कविताबद्ध परिवर्तनका कारण हरेक विधा तथा कविताका परिभाषामा प्रायः परिवर्तन देखा परेको छ । समय बित्दै जाँदा विभिन्न स्वरूपगत परिर्वतन विधाहरूमा देखा परेको छ । स्वरूपगत परिवर्तनका कारण कविताको परिभाषामा पनि परिवर्तन भएको पाइन्छ ।


साहित्यका विधाहरू मध्ये कविता सर्व प्राचीन र समृद्ध विधा हो । पूर्वीय साहित्यमा काव्य र कवितालाई समान अर्थमा लिने गरिन्छ । 'कवि' शब्दमा 'त' (तल) र 'आ' (टाप) प्रत्यय लागेर कविता शब्द बनेको पाइन्छ । यसर्थ कविता भन्नाले कविद्वारा रचना गरिएको रचनालाई बुझिन्छ । पूर्वमा प्रचलित कवि र कविता शब्द परिचयमा प्रचलनमा रहेको poet र poerty सँग सम्बन्धित रहेको देखिन्छ । वास्तवमा भन्ने हो भने लय नै कवितालाई अन्य साहित्यिक विधाबाट छुट्याउने प्रमुख आधार हो र यही कविता साहित्यको एक प्रमुख विधा हो ।

---

[१] हिमांशु थापा, साहित्य परिचय (काठमाडौं साझा प्रकाशन, २०५० पृ.२ ।

## २.२ कविताका रूप

पूर्वीय र पाश्चात्य साहित्य जगतमा कविताको वर्गीकरण विभिन्न किसिमले गरिएको पाइन्छ । नेपाली कवितालाई आकार प्रकारका दृष्टिले चार किसिमका मानिन्छ । जुन यस प्रकार रहेका छन् :




### २.२.१ लघुतम रूप/मुक्तक

कविताको सबभन्दा सानो रूप वा एकाइलाई लघुतम कविता भनिन्छ । सामान्यता दुई हरफदेखि दस हरफसम्म लम्बाई भएका लघु कवितालाई मुक्तक भनिन्छ । यस किसिमका कविता स्वयम्मा पूर्ण भाव वा अनुभूतिको एक झिल्कालाई प्रकट गर्ने लयात्मक अभिव्यक्ति हो । सामान्यतया लोक पद्य, गीत, गजल, स्तुति, सूक्तिका सङ्क्षिप्त रूप यस अन्तर्गत पर्दछन् । यस खालका कवितामा वस्तुगत वर्णन वा आत्मपरक अनुभवका झिल्का पद्यात्मक वा गद्यात्मक रूपमा अभिव्यक्त हुने गर्दछन् । यस्ता किसिमका कविताहरूमा आयाममा छोटोछरितोपन हुने, गद्य र पद्य दुवै किसिमका, मुक्तता एवम् स्वायत्तता छोटो समयमा वाचन हुने, भाषाको सङ्क्षिप्त प्रयोग हुने र विम्ब र प्रतीकको प्रयोग हुने जस्ता विशेषताहरू रहेका हुन्छन् ।

### २.२.२ लघु रूप

मुक्तकभन्दा ठूलो र खण्डकाव्यभन्दा सानो कविताको रूपलाई लघु कविता वा फुटकर कविता भनिन्छ । आकारको हिसाबले कम्तीमा दुई श्लोकमा रचित कवितालाई लघु रूपका कविता मानिएको छ । फुटकर कवितालाई यस अन्तर्गत लिने गरिन्छ । यस किसिमका उत्कृष्ट कवितामा भावको आरम्भ, मध्यम र अन्त्यावस्थाको आभास हुने गर्दछ भनिन्छ । नेपाली कविता परम्परामा

माध्यमिक कालदेखि यस किसिमका कविता देखा परेको मानिन्छ । यस किसिमका कवितामा अनुभूतिको एक सन्र्दभ समेटिएको हुन्छ । कम्तीमा आठ-दस हरफदेखि माथि लम्बाई भएका हुन्छन् । यस किसिमका कवितामा अनुभूतिको एक सन्दर्भ समेटिने, कम्तीमा आठ-दस हरफ हुने, गद्य वा पद्य दुवै शैलीमा लेखिने विषयवस्तुसँग सम्बन्धित भाव सन्र्दभको अभिव्यक्ति आदि जस्ता विशेषता समेटिएका  हुन्छन् ।

### २.२.३ खण्डकाव्य

फुटकर कविताभन्दा ठूलो र महाकाव्यभन्दा सानो आकारको काव्यात्मक रचनालाई कविताको मझौला रूप वा खण्डकाव्य मानिन्छ । यसमा जीवनको एक खण्ड, एक भाग वा एक पक्षको चित्रण गरिएको हुन्छ । यसमा एउटै चित्र, एउटै प्रभाव र एउटै रसको अभिव्यक्ति पाइन्छ । फुटकर कविताले आयाम बढाएपछि खण्डकाव्यको रूप लिन्छ । खण्डकाव्यमा सर्ग वा भागको प्रयोग गरिएको हुन्छ । फुटकर कविताभन्दा ठूलो हुनाले कविको, अनुभूतिलाई ठोस रूप प्रदान गर्न रचनाका सन्दर्भमा घटना पात्रहरू र निश्चित परिवेशलाई समेटिएको हुन्छ । यसमा जीवनको कुनै एक खण्ड वा पक्षको चित्रण गरिने, एउटा रसको मात्र प्रयोग हुने, फुटकर कविताभन्दा ठूलो महाकाव्यभन्दा सानो आकार, घटना पात्र र निश्चित परिवेशलाई समेटेर लेखिने, एकोन्मुखता आदि विशेषताहरू हुन्छन् ।

### २.२.४ महाकाव्य

कविताको रूपहरू मध्ये सबैभन्दा ठूलो वा लामो वा विस्तृत रूपलाई नै महाकाव्य भनिन्छ । यसलाई कविताको बृहत्तर रूप मानिन्छ । महाकाव्यको रचना गर्दा आख्यानको प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । यसमा जीवनको समग्रतालाई समेटिएको हुन्छ । जीवनको समग्रतालाई प्रस्तुत गर्ने सन्दर्भमा सर्गयोजना र सर्गविधानको प्रयोग गरिएको हुन्छ । महाकाव्यमा जीवन जगतको विस्तारित चित्र कोरिनको हुने हुनाले विस्तारित अनुभूति नै महाकाव्यको विषयवस्तु बनेको हुन्छ । महाकाव्यको रचना गर्दा देशकाल, परिस्थिति, वातावरण, घटना र पात्रले प्रवेश पाउने गर्दछन् । महाकाव्यको भाषाशैली भव्य, उदात्त, लय विधानमा विविधता हुनुपर्दछ । महाकाव्यमा जीवनको समग्रतामा आधारित, देशकाल, परिस्थिति, वातावरण, घटना र पात्रलाई समेटनु, कविताको सबैभन्दा बृहत् रूप, आख्यानको अनिवार्य प्रयोग, सर्ग योजना

वा सर्गविधानको प्रयोग गरिने, लयविधानमा विविधिता, विम्बालङ्कार योजना सौन्दर्यपूर्ण, लाक्षणिक एवम् व्यञ्जनात्मक जस्ता विशेषताहरू हुन्छन् ।

## २.३ खण्डकाव्य सिद्धान्त र परिभाषा

'खण्डकाव्य' कविताको मझौला रूप हो र यो प्रबन्धकाव्यको लघुरूप पनि हो । 'खण्ड र 'काव्य' दुई शव्दका वीच समास भएर बनेको 'खण्डकाव्य' शव्दले 'काव्यको एक भाग' भन्ने अर्थ बुझाए पनि यसले कविताको क्षेत्रमा फुटकर कविता र महाकाव्य बीचमा पर्ने मझौला रूपलाई नै बुझाउँछ । खण्डकाव्यको कार्य जीवनजगतको एक खण्ड अर्थात् एक पाटो अङ्कित भएको काव्य र काव्यको खण्ड अर्थात् एकदेशानुसारी रचना भन्ने बुझिन्छ । खण्डकाव्य कविता विधाको मझौला आयामसँगै सम्वन्धित जीवनजगतको एक महत्त्वपूर्ण पक्षलाई श्रृङ्खलावद्ध रूपमा प्रस्तुत गरिएको आख्यात्मक काव्य हो । कविता विधाको वर्गीकरणका सन्दर्भमा कवितालाई जुनसुकै किसिमले वर्गीकरण गरे पनि यो कविताको मझौला स्वरूपसँग नै सम्वन्धित पाइन्छ र लघु तथा बृहत् स्वरूप छुट्याउने विभाजन विन्दुका रूपमा विद्यमान मानिन्छ ।

पूर्वीय साहित्यमा खण्डकाव्यका बारेमा सबैभन्दा पहिले परिभाषित गर्न कार्य चौंथो शताब्दीका आचार्य विश्वनाथले गरेका हुन् । यिनले काव्यको एक देशका रूपमा अर्थात् एकादेशानुसारी रचनाका रूपमा खण्डकाव्यलाई चिनाएका छन् ।[२] विश्वनाथभन्दा पहिले पनि काव्य र त्यसको वर्गीकरण गर्ने एवं परिचय दिने काम भने संस्कृत साहित्यका विद्वानहरूले गरेका पाइन्छ । संस्कृत साहित्यमा काव्य साहित्य सम्बन्धी चिन्तन इसापूर्व पहिलो शताब्दीदेखि सुरुवात भएको मानिन्छ । भरतमुनि र त्यसपछिका भामह, दण्डी जस्ता विद्वानहरूले खण्डकाव्यका सम्बन्धमा छुट्टै दृष्टिकोण प्रस्तुत नगरी साहित्यको विभाजन मात्र गरेका छन् । ईसाको नवौं शताब्दीमा विद्वान रुद्रट ले सर्वप्रथम प्रबन्धकाव्यका दुई भेद महान् काव्य र लघुकाव्य गरी दुई भागमा विभाजन गरेर खण्डकाव्य तर्फ दृष्टि पुऱ्याएको देखिन्छ ।[३] उनीपछि देखा परेका विद्वान आनन्दबर्धन (इसाको नवौं शताब्दी) ले आफ्नो ध्वन्यावलोक भन्ने ग्रन्थमा पद्यकाव्यलाई मुक्तक र प्रबन्ध काव्यमा विभाजन गरी महान प्रबन्ध काव्यका लागि सर्गबन्ध शब्दको प्रयोग गरेका छन् ।[४] रुद्रट र आनन्द

[२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग ४, साझा प्रकाशन २०४६ : पृ.१२ ।

[३] भामह, काव्यालङ्कार, पटना विहार राष्ट्रभाषा परिषद्, २०१९ : पृ.९-१० ।

[४] अभिनव गुप्त, ध्वन्यावलोक, लोचन टीका, (वारणसी : चौखम्बा विद्याभवन ७२०२१ पृ.३५३ ।

वर्धनले खण्डकाव्यका सम्बन्धमा त्यति ठूलो चर्चा नगरे पनि उनीहरूले खण्डकाव्यतर्फ पुऱ्याएको दृष्टि ऐतिहासिक महत्त्वको रहेको पाइन्छ ।

पाश्चात्य कविताको परम्परामा खासगरी कवितालाई छोटो, लामो र बढी लामो अर्थात् लघु, दीर्घ र दीर्घतर गरी तीन भागमा बाँड्ने प्रचलन रहेको भेटिन्छ । छोटो वा लघु कविता हाल प्रचलित फुटकर कविताको नजिक छ । लामो कविता चाहिँ पूर्वीय महाकाव्यको नजिक छ । पाश्चात्य काव्य परम्परामा खण्डकाव्य स्तरका तीन काव्यहरू देखा पर्दछन् । यी मध्ये पहिलो ढाँचा सूक्ष्म वा स्थूल आख्यानीकरणमा आधारित भएर लयबद्ध भावद्वारा जीवनको एक देश वा एकांशलाई प्रस्तुत गरिएको पाइन्छ । दोस्रो ढाँचामा कुनै स्थान प्रसङ्ग, घटना-विशेष, व्यक्तित्व विशेष, भाव विशेषलाई केन्द्रविन्दु मानी प्रवाहित भएको कवितात्मक अभिव्यक्तिको मध्यम रूपमा पर्दछ । तेस्रो ढाँचाका कवितामा केही आख्यानपूर्ण वा कथांश बीच बीचमा परी अन्तराख्यान रहेको हुन्छ । यसमा अवचेतन लेखन वा अमूर्त लेखनमा आधारित मध्यम कविता प्रयोगवादी लामो कविता हो । प्रयोगवादी कविताले फुटकर कविताको भन्दा विस्तृत आयाम प्राप्त गर्दा कविताको मझौला रूप लामो कविता जन्मन्छ । यस्ता लामा कवितालाई खण्डकाव्यसँग तौलदा यसमा आख्यानको आधार लिइएको पाइँदैन, केवल अवचेतन अनुभूतिको प्रस्तुतीकरण भएको हुन्छ ।

प्राचीन रोमदेखि आधुनिक रोमसम्मका पाश्चात्य काव्य परम्परामा गाथाकाव्य, शोककाव्य, गीतिकाव्य, रोमाञ्चकाव्य आख्यान लगायतका गोपकाव्य, व्यङ्ग्यकाव्य, लामो कविता आदिका माध्यमको कविताको विविध मझौला रूपहरूको रचना भई परिभाषा पनि भएका छन् तर खण्डकाव्य नै भनेर परिभाषित गरेको भने पाइँदैन । यिनै भेदहरू कवितामा मझौला रूप छन् र खण्डकाव्यको अध्ययन यसै अन्तर्गत गरिन्छ ।

नेपाली साहित्य शास्त्रमा पनि पूर्वीय संस्कृत साहित्य शास्त्रीको चिन्तन परम्परामा जस्तै अवधारणा प्रस्तुत गरिएको पाइन्छ । नेपाली साहित्यमा यस किसिमको काव्य चिन्तन परम्परा मध्यमिक कालका साहित्यकार मोतीराम भट्टले आरम्भ गरे तापनि यस सम्बन्धमा विश्वसनीय र अग्रगामी परिभाषा गर्ने विद्वान् सोमनाथ शर्मालाई मानिन्छ । उनले "काव्यको एक टुका जस्तो कथानक लिएर शृङ्खलित रूपमा बीचैमा उठेर बीचैमा टुङ्गिएको सर्गबन्ध, सन्धिबन्ध नभएको

छोटो काव्यलाई खण्डकाव्य भनिन्छ ।"[५] यसै आशयलाई परवर्ती नेपालीले साहित्यविद्हरूले पनि अँगालेका छन् । त्यसैले समग्रमा के निष्कर्ष निकाल्न सकिन्छ भने जीवन जगतको कुनै एक विषयमा अभिव्यक्त दिने प्रबन्धात्मक लघुकाव्य खण्डकाव्य हो । खण्डकाव्यलाई चिनाउने सन्दर्भमा विभिन्न विद्वान्हरूले दिएको परिभाषाहरूलाई निम्नानुसार उल्लेख गरिन्छ ।

१. "बयानबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य खण्डकाव्य हो ।"[६]

२. खण्डकाव्यमा जीवनको एक अङ्ग विशेषको झलक प्रस्तुत गरिन्छ, यसमा एउटै सीमित कालखण्डमा वा अल्पविधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ; यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ ।[७]

३. खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ र एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ ।[८]

४. खण्डकाव्यलाई विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवन जगतको एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध र मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ ।[९]

५. कविताहरूमा पूर्वापरसम्बन्ध एकान्वित अथवा काव्यात्मकता भए पनि खण्डकाव्य एक रसात्मक, द्रुतगामी, सानो कृति हो ।[१०]

६. जीवनका खण्डविलेषको आख्यानात्मक चित्रण हुने मझौला काव्य संरचनालाई खण्डकाव्य भनिन्छ ।[११]

यसरी माथि उल्लिखित विद्वान साहित्यकारहरूको अभिव्यक्तिलाई ध्यानमा राखेर खण्डकाव्यको परिचय दिँदा यसलाई जीवनजगतको कुनै एकल विषयमा श्रृङ्खलित एव्म

---

[५] सोमनाथ शर्मा, साहित्य प्रदीप, (काठमाडौं : नेपाल एकेडेमी, प्र.सं.२०१६) पृ.१९० ।

[६] बालचन्द्र शर्मा, नेपाली शब्दकोश, (काठमाडौं साझा प्रकाशन, चौं.सं.२०६६) पृ.२१३ ।

[७] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, काठमाडौं साझा प्रकाशन २०४४ पृ.११३ ।

[८] हिमांशु थापा, साहित्य परिचय, काठमाडौं : साझा प्रकाशन, चौ.सं.२०५० पृ.१७ ।

[९] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग-४, साझा प्रकाशन, २०५४ पृ.१२ ।

[१०] भानुभक्त पोखरेल, सिद्धान्त र साहित्य, विराटनगर : मुकुन्द शर्मा २०४० पृ.१३३-३४ ।

[११] मोहनराज शर्मा र अन्य (लेखन तथा सम्पादन) नेपाली कविता र आख्यान, (काठमाडौं : नवीन प्रकाशन, प्र.सं.२०५७ पृ.९५) ।

कवितात्मक अभिव्यक्ति दिने लघुकाव्य भन्न सकिन्छ र यसको आकृति र विषयलाई प्रस्टयाउन चाँहि यो महाकाव्यसँग तुलनीय ठहर्छ । यस प्रकार तुलना गर्दा महाकाव्य, आकार, प्रकार, व्याख्यात्मक, व्यापकता, पात्र सङ्ख्या, काव्यगत विषय, युगचित्र आदिका दृष्टिले बृहत् र विस्तीर्ण हुन्छ भने खण्डकाव्य तिनका सापेक्षतामा लघु तथा संकीर्ण हुन्छ । महाकाव्य व्याख्यामूलक सर्गसापेक्ष अनेक उद्देश्यमुखी र विस्तारित हुन्छ भने खण्डकाव्य आख्यात्मक वा आख्यानविकल्पी आख्यानमुक्त, एकोदेश्यकेन्द्री र सारमय हुन्छ । समग्रमा भन्नुपर्दा महाकाव्यले व्यापक जीवनको प्रस्तुतिद्वारा विविध सन्देश दिन प्रयत्न गर्छ भने खण्डकाव्यले एकल जीवनखण्डको प्रस्तुतिका माध्यमबाट सारमय निश्चित सन्देश दिन प्रयास गर्छ ।

## २.४ खण्डकाव्यका तत्त्वहरू

कुनै पनि वस्तुको संरचनात्मक परिपूर्णताका लागि आवश्यक पर्ने अवयव वा उपकरणलाई तत्त्व भनिन्छ । साहित्यका प्रत्येक विधा वा उपविधाका आफ्नै किसिमको संरचनात्मक स्वरूप हुने भएकोले त्यसको पूर्णताको लागि यस्ता तत्त्व आवश्यक हुन्छन् । साहित्यका अनेक संरचनामा पनि तत्त्वगत संरचनाका घटक वा अङ्गहरूले गहन भूमिका निर्वाह गर्ने हुन्छन् । कविता विधाको खण्डकाव्य संरचनामा पाइने यस्ता महत्त्वपूर्ण तत्त्वहरूमा शीर्षक, कथावस्तु, पात्र, परिवेश, केन्द्रीय कथ्य, भाषाशैली, लय, कथन पद्धति, अलङ्कार विम्ब आदि सहायक रहेका छन् । यिनको सामान्य परिचय यस प्रकार छन् :

### २.४.१ शीर्षक विधान

कुनै पनि रचनाको महत्त्वपूर्ण अङ्ग वा तत्त्व शीर्षक हो । यो कृतिको नामाकरण मात्र नभएर कृतिको केन्द्रीय भावको सूचक पनि हो । जुनसुकै साहित्यिक कृतिका पनि नाम वा शीर्षक हुन्छन् । “शीर्षक कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, सङ्केत वा उद्घाटन पनि हो ।[१२] खण्डकाव्यलाई पनि शीर्षक दिइएको हुन्छ । शीर्षक चयन गर्दा रचनाकारले कृतिभित्रको आख्यान, परिवेश, पात्र, उद्देश्य आदिको आधारमा चयन गरेको हुन्छ । शीर्षक छोटो र अर्थपूर्ण हुनु आवश्यक हुन्छ ।

[१२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग-४, साझा प्रकाशन २०५४ पृ.१८ ।

### २.४.२ कथावस्तु

पात्र र परिवेशको संसर्गमा घटित हुने कार्यव्यापार वा घटना विशेषलाई काव्यको कथावस्तु भनिन्छ । खण्डकाव्यको लागि कथावस्तु आवश्यक हुन्छ । संस्कृत साहित्यशास्त्रमा कथावस्तु सम्बन्धी चर्चाको आरम्भ भरतमुनिबाट भएको हो । उनले नै सर्वप्रथम नाटक र महाकाव्यलाई आधार बनाएर कथावस्तुको चर्चा गरेका छन् । "पात्रद्वारा गरिने कार्य कथावस्तु हो । कथावस्तुले घटनाको क्रमिकतालाई देखाउँछ । संस्कृत साहित्यमा इतिहास वा जनमानसमा लोकप्रियता प्राप्त गरेको कथालाई कथावस्तुको रूपमा लिइएको पाइन्छ ।"[१३] खण्डकाव्यलाई फुटकर कविताबाट अलग्याउने तत्त्व नै कथावस्तु हो । खण्डकाव्य प्रबन्धकाव्यको लघुरूप भएकोले पनि यसका लागि कथातत्व आवश्यक मानिन्छ । खण्डकाव्यको कथावस्तु, इतिहास सम्बद्ध, लोकप्रसिद्ध विषयवस्तु, सामाजिक-सांस्कृतिक वा अन्य कुनै विषयवस्तुबाट लिन सकिन्छ तर त्यो छोटो र एकदेशीय हुनुपर्दछ । खण्डकाव्य शृङ्खलित कथावस्तु रहनु आवश्यक हुन्छ ।

### २.४.३ पात्रविधान

खण्डकाव्यमा कथावस्तुलाई गतिशील बनाउने काम पात्रले गर्छ । कथावस्तुका सम्पूर्ण घटना र कार्य पात्रमा आधारित हुन्छन् । "चरित्र त्यो माध्यम हो जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थ प्रस्तुतीकरणको प्रयास गरिन्छ ।[१४] खण्डकाव्यमा कथा तत्त्वको नेतृत्व गर्ने तथा त्यसलाई प्रभावात्मक एवम् कलात्मक सौन्दर्य प्रदान गर्ने प्रमुख भूमिका पात्रले नै खेलेको हुन्छ । त्यसैले खण्डकाव्यको पात्र सशक्त, जीवन्त एवम् सर्वसंवेद्य हुनु आवश्यक छ । वर्तमान सन्दर्भ अनुसार शास्त्रीय मान्यता अनुरूपको उदात्त गुणलेयुक्त क्षेत्री पात्र हुनुपर्छ भन्ने कुने अनिवार्यता छैन र काव्यको पात्र मानिस नै हुनुपर्छ भन्ने पनि छैन । कविले यथार्थ जीवनको स्वाभाविकता प्रस्तुत गर्ने कुनै पनि व्यक्ति वा वस्तुलाई पात्रका रूपमा उभ्याउन सक्छन् । यस दृष्टिले पात्र पुरुष वा स्त्री, मानवीय वा मानवेत्तर, स्थूल वा सूक्ष्म, जुनसुकै किसिमको हुन सक्छ तर यो खण्डकाव्यको कथावस्तु, वातावरण र उद्देश्यअनुरूपको हुनु चाहिँ नितान्त जरूरी हुन्छ ।

---

[१३] हिमांशु थापा, पूर्ववत्, पृ.५८ ।

[१४] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, काठमाडौं साझा प्रकाशन चौथो २०४४ पृ.११३ ।

खण्डकाव्यको तत्त्वहरू अन्तर्गत पात्रको चर्चा गर्दा साहित्यविद्हरूको विचारलाई दृष्टिगत गर्दा काव्यमा पात्रहरू लिङ्गका आधारमा स्त्री पुरुष, कार्यका आधारमा मुख्य र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, स्वभावका आधारमा गतिशील र गतिहीन, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी विभिन्न किसिममा वर्गीकृत गरिएको पाइन्छ ।

### २.४.४ परिवेश/वातावरण

खण्डकाव्यमा कथावस्तु, पात्र आदि क्रियाशील हुने प्रकृति, समाज, स्थान, समय, व्यक्ति र उसको मनोदसा आदिलाई परिवेश भनिन्छ । यसैलाई देशकाल वातावरण पनि भनिन्छ । पात्रको मनस्थितिलाई त्यहाँको परिवेशले प्रभाव पार्छ । काव्यमा कथानक र पात्रले अपेक्षा गरे अनुसारकै परिवेशको चित्रण गर्नुपर्दछ । खण्डकाव्यमा कथातत्त्वलाई जीवन्त बनाउन एवं पात्रको मानसिकतालाई उद्घाटित गर्न परिवेशको आवश्यकता पर्ने भएकोले यो खण्डकाव्यको एउटा महत्त्वपूर्ण तत्त्व हो ।

खण्डकाव्यमा सामान्यतः कथावस्तु, पात्र र परिवेशमा आधारित आख्यात्मक संरचनाको अपेक्षा गरिन्छ तर वैकल्पिक पद्धतिका रूपमा आख्यानमुक्त संरचनामा पनि खण्डकाव्यको रचना गरिन्छ । सामान्यतः आख्यानयुक्त संरचनामा कुनै एक वस्तु वर्णनमा आधारित भएर अनुभूतिको व्यापक विस्तारद्वारा उदान्त परिवेश निर्माण गर्दै खण्डकाव्यको विधान गरिन्छ । त्यसैले खण्डकाव्यमा परिवेशको स्थान निकै महत्त्वपूर्ण मानिन्छ ।

### २.४.५ मूलभाव वा केन्द्रीय कथ्य

साहित्यकारले भावक (पाठक, स्रोता, अध्येता वा समीक्षक) लाई कुनै न कुनै मुख्य विचार वा केन्द्रीय भाव सम्प्रेषण गर्ने लक्ष राखेको हुन्छ । खण्डकाव्यमा व्यक्त भएको यही खोज मूल भावलाई केन्द्रीय कथ्य वा जीवन दर्शन वा उद्देश्य पनि भनिन्छ । वास्तवमा साहित्यकारले कुनै पनि उद्देश्य नराखीकन कृति सिर्जना गरेका हुँदैनन् । कुनै कृति वा काव्य रचना गर्नुभन्दा पहिले साहित्यकारले कुनै दृष्टिकोण, लक्ष्य, विचार, वा अवधारणा निर्माण गरिसकेको हुन्छ । जसलाई आफ्नो कृतिमा सम्यक रूपान्तरण गर्ने स्रष्टाको अधिकतम प्रयास हुन्छ । साहित्यमा रूपान्तरित गरिने स्रष्टाको यही धारणा, सन्देश, अभिप्राय वा आशयलाई मूलभाव वा केन्द्रीय कथ्य भनिन्छ ।

साहित्यविद्हरू साहित्यका अन्य विधामाभन्दा कविता विधा वा यसका उपविधामा प्रस्तुत मूल भाव वा कथ्य सर्वाधिक घनीभूत भएर रहने कुरामा सहमत देखिन्छन् । त्यसैले खण्डकाव्यकारले पनि विभिन्न पात्र र घटनाको श्रृङ्खला मिलाई त्यसबाट एउटा कथानक निर्माण गरी त्यस काव्यमा आफ्नो मूल भाव वा विचारलाई सम्प्रेषण गर्छन् । यही सर्वगत रूपमा विद्यमान धारणा, दर्शन वा दृष्टिकोणलाई कवि जति सम्यक रूपमा स्थापित गर्न सफल हुन्छ काव्य त्यति नै उत्कृष्ट बन्छ ।

### २.४.६ भाषाशैली

सामान्यत भाषा र शैली बेग्लाबेग्लै खण्डकाव्यका तत्त्व हुन् तर पनि यी दुईमा पारस्परिक घनिष्ट सम्बन्ध रहेकोले एक ठाउँमा राखेर यिनको चर्चा गर्न सकिन्छ । भाषा भन्नाले साहित्यकारले विशिष्ट भाव, विचार, चिन्तन आदिलाई अभिव्यक्त गर्ने माध्यम र शैली भन्नाले र रचनाकारको विशिष्ट अभिव्यक्ति प्रणाली भन्ने बुझिन्छ । त्यसैले खण्डकाव्यको भाषाशैली भनेको सम्बन्धित रचनाकारको अभिव्यक्ति प्रणाली र निजको विशिष्ट प्रभाव भएको रचनाशिल्प हो । खण्डकाव्यमा सरल, सहज, सरस भाषा तथा समस्त शैलीको प्रयोग हुनुपर्छ । खण्डकाव्यमा शास्त्रीय छन्द, मुक्त छन्छ र लोकलय पनि हुन सक्छ ।[१५]

कुनै पनि कृतिलाई पाठक समक्ष पुऱ्याउने भरपर्दो माध्यम भाषाशैली हो । भाषाशैली खण्डकाव्यको लागि नभई नहुने तत्त्व हो । खण्डकाव्यको भाषा सरल, सहज, सरस एव्म सम्प्रेष्य खालको हुनु आवश्यक छ । जटिल कृत्रिम, नीरस एव्म सम्प्रेषणविहीन भाषा प्रयोगले खण्डकाव्यको पाठकीय प्रभावमा ह्रास ल्याउनुका साथै कलात्मक मूल्यमा पनि ह्रास आउन सक्छ । खण्डकाव्य शास्त्रीय छन्द, लोकछन्द वा मुक्त लयात्मक गद्यछन्द जुनसुकै लयमा पनि आवद्ध हुन सक्छ । छन्दमा आवद्ध हुँदैमा कविता हुने र छन्दविहिन हुँदैमा कविता नहुने भन्ने छैन । कविताका लागि नभई नहुने तत्त्व भनेको भावात्मक लय, गति र प्रभाव भएकाले खण्डकाव्यले त्यसलाई आत्मसात् गर्न सकेको हुनुपर्दछ ।

### २.४.७ लय

कविता विधाको प्रमुख विभेदक तत्त्व लय हो र गेयात्मकता यसको उत्कर्ष हो । लय चेतनाको अभावमा कवितात्मक अभिव्यक्ति पूर्ण हुँदैन र मानिदैन । त्यसैले कवितामा निश्चित

[१५] हिमांशु थापा, पूर्ववत्, पृ.५६ ।

वर्णमात्रा, अक्षरको वितरण, अनुप्रासको व्यवस्थापन अनि वर्णमात्रा आदिको आवृत्तिबाट बन्ने लयविधान अपरिहार्य मानिन्छ । खण्डकाव्यमा मूलतः वार्णिक छन्द, मात्रिक छन्द, लोकलय र मुक्त लय गरी चार लयको प्रयोग हुनु आवश्यक छ । भाषाशैलीको पङ्क्ति र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गितिक र ध्वनिगत आल्हाद नै लय विधान हो ।[१६]

कविता पङ्क्तिमा प्रयोग गरिएका वर्ण, मात्रा र अक्षरको वितरण कम तथा तिनको विश्रामको नियमित स्थिति लय हो । लय विधान कविताका हरफहरूबाट प्रयुक्त भाषिक स्वर व्यञ्जन वर्णका सम, विषम वितरण प्रक्रियाबाट निर्मित चरण, पाउ वा पङ्क्तिको गति क्रममा आधारित हुन्छ । कविताका पङ्क्तिहरू दोहोरिँदै जाँदा वा पङ्क्तिगत अनुप्रास मिल्दै पङ्क्तिका बीचमा देखिने वर्ण र मात्राहरूको नियमित आवृत्तिको स्थिति नै छन्द वा लय हो । यस्ता नियमित पङ्क्तिपुञ्ज छन्दका ढाँचा छन् ।

[१६] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.१९ ।

### २.४.८ कथन पद्धति

खण्डकाव्यको कथन पद्धति एक महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ । यसलाई दृष्टिविन्दु पनि भनिन्छ । कुनै कृतिको समग्र भाषा कथन पद्धतिमा निर्भर हुने हुँदा खण्डकाव्यको एक तत्त्वको रूपमा यसको विशिष्ट भूमिका रहेको देखिन्छ । खण्डकाव्यले काव्यमा आफ्ना भावनाहरूलाई अभिव्यक्त गर्न कवि प्रौढोक्ति र कवि निबद्धवक्तृप्रौढोक्ति कथन पद्धतिको प्रयोग गरेको हुन्छ । कवि प्रौढोक्तिमा कवि स्वयम्ले आफ्ना धारणा प्रकट गरेको पाइन्छ भने कवि निबद्धवक्तृप्रौढोक्तिमा कविले कुनै पात्रको माध्यमबाट आफ्ना धारणा व्यक्त गरेको पाइन्छ । यस बाहेक एउटै कृतिको कथनमा पनि कृतिकारले यी दुवै पद्धतिको प्रयोग गरेको पाउन सकिन्छ ।

### २.४.९ विम्ब र प्रतीक विधान

कथ्यले प्रस्तुत गर्ने अर्थका प्रतिच्छाया वा पूरक रूपमा आउने सहवर्ती अर्थ विम्ब हो र जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट विम्बविधान हुन सक्छ ।[१७] यसलाई अलङ्कार पनि भनिन्छ । अलङ्कारले कृतिको आन्तरिक संरचनालाई सबल बनाउनुका अतिरिक्त सिर्जनालाई लालित्यमय, सौन्दर्यपूर्ण र उच्च बनाउँछ । खण्डकाव्यमा विम्ब विधान आवश्यक हुन्छ । प्रत्यक्ष रूपमा एउटा कुरालाई उभ्याएर अप्रत्यक्ष कुरालाई सङ्केत गर्ने वस्तु वा घटना नै प्रतकि हो । कुनै अनुपस्थित वस्तुलाई अर्को उपस्थित वस्तुद्वारा झल्काउने कुरा नै प्रतकि हो ।[१८] प्रतीकले रचनामा एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न तरिकाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कोतिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई प्रतीकका माध्यमबाट व्यक्त गर्दछ ।

कवितालाई शब्दगत र अर्थगत रूपमा उजिल्याउन प्रयोग गरिने आभूषक तत्त्व वा परिपोषक तत्त्व अलङ्कार हो । यसले रचनालाई आकर्षक, सौन्दर्यपूर्ण र प्रभावशाली बनाउँछ । यसले काव्यको आन्तरिक संरचनालाई सबल बनाउँछ । काव्यमा प्रयोग हुने अलङ्कारहरू शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रकारका हुन्छन् । दुवै खाले अलङ्कारको सुनियोजित योजनामा काव्य संरचित हुने भएकाले खण्डकाव्यको रचनामा अलङ्कारको प्रयोग आवश्यक हुन्छ । त्यसैले खण्डकाव्यका लागि अलङ्कारको विशिष्ट स्थान रहेको छ ।

## २.५ नेपाली खण्डकाव्यको विकासक्रम

---

[१७] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत् पृ.२१ ।

[१८] वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग-२ काठमाडौं साझा प्रकाशन, २०४९ पृ.७१ ।

खण्डकाव्य कविता विधाकै एक भेद भएकाले नेपाली खण्डकाव्यको ऐतिहासिक विकासक्रम पनि नेपाली कविताकै ऐतिहासिक विकासक्रमसँग जोडिन पुग्छ । यसैकारण नेपाली कविताको प्राथमिक कालका कतिपय रचनामा आकार-प्रकार एव्म आख्यात्मक संरचनाका दृष्टिले खण्डकाव्य सदृशस्वरूप देखा पर्छन् तर पनि खण्डकाव्यका आधारभूत रूप रचना नियमको परिपालन गरी सचेत रूपमा खण्डकाव्य लेख्ने परम्पराको थालनी भने आधुनिक कालको प्रारम्भसँगै भएको मानिन्छ । खण्डकाव्य कविताको मझौला रूप अन्तर्गत पर्ने उपविधा हो । नेपाली साहित्यमा यसको परम्परा सुदृढ र सशक्त नै रहेको पाइन्छ । समयका विभिन्न मोडहरूमा नेपाली खण्डकाव्यले वरण गरेका स्वरूप र अँगालेका प्रवृत्तिहरूका आधारमा यसको विकासक्रमलाई यसरी देखाउन सकिन्छ ।

### २.५.१ प्राथमिक काल (वि.सं. १८२६ देखि १९४०)

नेपाली फुटकर कविताजस्तै नेपाली खण्डकाव्य पनि वीरधाराबाटै अस्तित्वमा आएको देखिन्छ । हालसम्मको अनुसन्धानको आधारमा नेपालका पहिला कवि सुवानन्ददास मानिएका छन् । उनले नै वीरगाथाको प्रारम्भ गरेका थिए । उनका खण्डकाव्यात्मक कृति उपलब्ध नभए पनि कविताको श्रीगणेश भने उनले नै गरको हुन् ।[१९] उनको 'पृथ्वीनारायण' १८२६) शीर्षक दिइएको कविता नेपाली लेख्य परम्पराको प्रारम्भ विन्दु हो । यसै धारामा अन्य कविहरूमा दैवज्ञ कोशरी अर्ज्याल, शक्तिवल्लभ अर्याल, उदायनन्द अर्याल, वीरशाली पन्तका नामहरू उल्लेखीय रूपमा लिन सकिन्छ । यिनै कविहरूमध्ये दैवज्ञकेशरी अर्यालको 'अश्वशुभाशुभ' परीक्षा (वि.सं. १८६०) पौराणिक विषयमा आधारित खण्डकाव्य स्वरूपको पद्यबद्ध कृति हो । वीरशाली पन्तका 'वीरचरित्र' विमलबोधानुभव र सरस प्रेमावली जस्ता कृतिहरूलाई खण्डकाव्य प्रयासका रूपमा लिन सकिन्छ । ज्ञानमणि नेपालको खोज प्रयासमा फेला परेका उदयानन्द अर्यालद्वारा लिखित 'बेतालपच्चीसी' ( १८७२) नामक कृतिले पनि खण्डकाव्यको आभाष प्रदान गरेको छ । केही समालोचकहरूले यस कृतिलाई पहिलो खण्डकाव्यको रूपमा स्वीकार गरेका छन् ।

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध वा भक्तिधाराको समयावधिमा भाइ पुग्दा शिष्ट नेपाली खण्डकाव्य लेखनको सुरुवात भएको पाइन्छ । अहिलेसम्मको अवन्वेषणको आधारमा नेपाली भाषाको पहिलो खण्डकाव्यात्मक कृतिका रूपमा वसन्त शर्माद्वारा लिखित 'कृष्ण चरित्र' (१८०४)

[१९] खगेन्द्रप्रसाद लुइटेल, नेपाली कविता, विद्यार्थी पुस्तक पसल, भोटाहिटी प्र.सं. (२०५४:१६)

लाई लिइन्छ ।[२०] श्रीमद्भागवत र महाभारतबाट विषयवस्तु ग्रहण गरी शादूलविक्रीडित छन्दमा लेखिएको उक्त कृति पूर्ववर्ती कृतिहरूका तुलनामा सुन्दर र परिष्कृत र मौलिक मानिन्छ । वि.सं.१९०० तिरको 'समुद्रलहरी' (९२ श्लोक) पनि उनको अर्को महत्त्वपूर्ण खण्डकाव्यात्मक लोक काव्य हो । यसबाट के प्रष्ट हुन्छ भने मौलिक र आख्यानात्मक संरचना भएको खण्डकाव्य स्तरका रचना दिने प्रथम श्रेय वसन्त शर्मालाई जान्छ । यिनकै प्रवृत्तिमा रहेर यदुनाथ पोखरेल पनि कृष्ण चरित्र र गोर्खा सेना वर्णन (१९९०-१९९४) ।[२१] जस्ता कृतिहरू लेखेको भेटिए तापनि तिनीहरूमा खण्डकाव्यात्मक तत्त्व कमी पाइन्छ । भानुभक्त आचार्यको वधूशिक्षा (१९१९), भक्तमाला (१९१०), प्रश्नोत्तर (१९१०), जसता कृतिहरूमा खण्डकाव्यात्मक तत्त्व पालना भएको देखिँदैन । अनुवाद र मौलिकताको दोसाँधमा गुज्रदै आएको यस चरणमा ज्ञानदिलदासको 'उदय लहरी' (१९३४) नामक खण्डकाव्यात्मक कृतिले सर्वप्रथम मौलिकतालाई आत्मसात् गरेको पाइन्छ । लालबहादुरको 'भोटको सवाइ', जङ्गबहादुरको सवाइ आदि खण्डकाव्य समकक्षी देखिन्छन् । यी सवाइ काव्यमा लोकगाथात्मक तत्त्व भेटिए पनि यिनीहरूलाई पूर्ण खण्डकाव्यात्मक कृतिका रूपमा भने गणना गर्न सकिन्न । समग्रमा दृष्टिगत गर्दा यस कालका खण्डकाव्यहरू मौलिक, अनुदित र रूपान्तरिक गरी तीन किसिमका रहेका छन् । तिनले पूर्णतयाः विधागत चेतना र तत्त्वगत पूर्णतालाई अवलम्बन गर्न नसके तापनि काव्यलेखनलाई मार्ग निर्देशन गर्न सकेका देखिन्छन् ।

[२०] खगेन्द्रप्रसाद लुइटेल नेपाली कवि र कविता, विद्यार्थी पुस्तक, भोटाहिटी प्र.सं.२०४५ पृ.१६ ।

[२१] बाबुराम आचार्य, पुराना कवि र कविता, साझा प्रकाशन, छैटौं संस्करण २०५० ।

### २.५.२ माध्यमिक काल (वि.सं. १९४१-१९७२)

नेपाली साहित्यमा माध्यमिक कालीन नेपाली खण्डकाव्यको विकास मोतीराम भट्टको उदयसँगै भएको देखिन्छ । खासगरी वि.सं. १९४१ सालपछि देखा परेको श्रृङ्गारिक धाराले समग्र नेपाली साहित्यलाई आफूभित्र समेटिएको देखिन्छ । मोतीराम भट्टले लेखेको पिकदूत (१९४३) र उषाचरित्र (१९४३) नेपाली खण्डकाव्यमा माध्यमिक काल निम्त्याउने पहिलो काव्य मानिन्छन् ।

माध्यमिक कालमा सबैभन्दा बढी श्रृङ्गारिक धाराकै खण्डकाव्यहरू लेखिएका देखिन्छन् । यीमध्ये कतिपय खण्डकाव्यहरू शिष्ट श्रृङ्गारका उत्कृष्ट नमूनाका रूपमा छन् भने कतिपय अत्यन्त अशिष्ट श्रृङ्गारका नमुनाका रूपमा पनि रहेका पाइन्छन् । केही श्रृङ्गारिक खण्डकाव्यहरूमा शिखरनाथ सुवेदीका 'श्रृङ्गारदर्पण' (१९५५) बाह्मासे (१९६०), 'कामिनी विरहलहरी' (१९६०) कृष्णप्रसाद रेग्मीका 'प्रभावली चरित्र' (१९६१), शम्भुप्रसाद ढुङ्गेलका 'बाहमासे' ' १९७९) 'चन्द्रवदन' र 'वेस्यावर्णन' आदि श्रङ्गारयुक्त कृतिहरु पनि देखा पर्दछ । श्रृङ्गारिक धाराका खण्डकाव्याकारहरु मध्ये मोतीराम भट्ट र कृष्णप्रसाद भट्ट नै सबैभन्दा माथि देखिन्छन् र उनकै केन्द्रीयतामा अरु कविहरू ध्रुवीकृत भएका देखिन्छन् ।

माध्यमिक कालमा श्रृङ्गारिक धारापछि भक्तिधाराका खण्डकाव्यकारहरूको बाहुल्यता देखिन्छ । यस धारा अन्तर्गत रामभक्ति, कृष्णभक्ति, देवी भक्ती र निर्गुण भक्तिजस्ता भक्तिधाराहरू रहेका पाइन्छन् । हेमवल्लभ पाँडेको 'अग्निवेश' रामामण (१९५५), हरि शर्मा लामिछानेको 'रामगीता' (१९५५), शिवनिधि जोशीको 'सीता- भारत बालुन' (१९७०), पूर्णप्रसाद खतिवडाको 'सतीचरित्र' ( १९७२), वाणीविलास पाँडेको चित्रकुटोपाख्यान' (१९७५), पूर्णानन्द उपाध्यायको 'अध्यात्मरामायणको बालुन' (१९८६), तारानाथ शर्मा नेपालको 'राघवविलाप' (१९८०), शम्भुप्रसाद ढुङ्गेलको 'तुलसीकृत रामायण' (१९७६), आदि खण्डकाव्यहरू रामधारालाई आत्मसात् गरेर लेखिएको छ । रामलाई आराध्य बनाएर उनको आदर्श, सच्चरित्र, भातृप्रेम, पितृभक्ति, सद्भक्ति, भावनाप्रति आस्था देखाउनु यस धाराका खण्डकाव्यहरूको मुख्य उद्देश्य रहेको पाइन्छ । कृणभक्ति धारा र देवीभक्ति धारा पनि यस कालमा सशक्त रहेको देखिन्छ । राजीवलोचन जोशी 'केदार कल्प' (१९४६), प्रतिव्रता धर्म (१९५२), होमनाथ खतिवडाको 'सिंह चरित्र' (१९६३), मोतीराम भट्ट 'प्रलादभक्ति कथा' र 'गजेन्द्र मोक्ष' (१९४८), कृष्णप्रसाद रेग्मीका 'ठूलो भक्तमाला' र सत्यहरिशचन्द्र, तारानाथ शर्माको 'उर्मिला', काशीनाथ सुवेदीको 'चित्रकेतु राजाचरित्र' (१९५२), कुञ्जविलाश गौतमका 'महाभारत शल्यपर्व ( १९५६) महाभारत स्त्री पर्व (१९६०), महाभारत गर्दा पर्व (१९६०) र नलदमयन्ती कथा' गोपीनाथ

लोहनीका 'मृगचरित्र (१९४९), नलदमयन्ती चरित्र (१९५५), नलोपख्यान (१९५२), धुव्रचरित्र (१९६४), र 'सत्य हरिशचन्द्र कथा', (१९८१), देवीप्रसाद सापकोटाको 'सावित्रीचरित्र' (१९७१), भुवनप्रसाद ढुङ्गेलको 'गीतगोविन्द छाँया' (१९६१), रेवती रमण न्यौपानेको 'विश्वजीत लीला' (१९५६) र रामप्रसाद सत्यालको 'प्रतिव्रता मनसादेवी' (१९८५) आदिलाई लिन सकिन्छ ।

निर्गुण भक्ति धारा अन्तर्गत लेखिएका खण्डकाव्यहरू ज्ञान र वैराग्यलाई आधार बनाएर बौद्धिकता र अमूर्त ईश्वरीय रूपको उपासन झल्काउनमै केन्द्रित देखिन्छन् । खासगरी शोक र विरहलाई आधार मूल आधार बनाएर यस धारामा खण्डकाव्यहरू लेखिएका छन् । केही प्रमुख खण्डकाव्यहरूमा काशीनाथ आचार्य दीक्षितको 'विरहाञ्जली' (१९९०), कृष्णप्रसाद रेग्मीको 'कामिनी-विरहलहरी' (१९६१) प्रेमप्रसाद भट्टराईको 'सम्झना' (२००६) र छविकान्त शर्माको विधवा विलाप (१९६७) आदि उल्लेखनीय छन् ।

माध्यमिक कालमा व्यक्ति स्तुति सम्बन्धी खण्डकाव्यहरू पनि लेखिएका छन् । खास गरेर शासक वर्गको चाकरी गरेर स्वार्थपूर्ति गर्न यस्ता खालका कविताहरू लेखिएका छन् । यस्ता खण्डकाव्यहरूमा राजीवलोचन जोशीको 'विस्मात्हर्ष तरङ्गिणी' (१९६८), शिखरनाथ सुवेदीको 'वीरषष्टिका' (१९५५), तारानाथ शर्मा नेपालको 'श्री चन्द्रगुणावली' (१९८४) शम्भुप्रसाद ढुङ्गेलको 'चन्द्रप्रताप वर्णन' (१९७०) वाणीविलास पाँडेको 'चन्द्रकीर्ति' ( १९७८)

माध्यमिक कालमा मौलिक खण्डकाव्यहरू पनि लेखिएका पाइन्छन् । मोतिराम भट्टको 'पिकदूत' (१९४३), शम्भुप्रसाद ढुङ्गेलको 'वेश्यावर्णन' (१९८३) वैजनाथ सेढाईको 'विवाहशतक' ( १९७६) रेवतीरमण न्यौपानेको 'विवाहलीला' (१९६६) आदि छन् ।

### २.५.३ आधुनिक काल (१९७३ देखि हालसम्म)

'माधवी' (१९६५) पत्रिकाको प्रकाशन भएबाट श्रृङ्गारिक धाराले सर्वप्रथम भाषिक एवम् शैलीगत परिष्कारका साथ लेखनाथ पौड्यालले 'ऋतृविचार' (१९७३) खण्डकाव्य लेखेपछि नेपाली खण्डकाव्यमा आधुनिक कालको सुरुवात भएको हो । १९७४ मा 'सुक्तिसिन्धु' प्रतिबन्धित भएपछि श्रृङ्गारिक धाराले पूर्ण विश्राम लिएको देखिन्छ । त्यसपछि नेपाली साहित्यमा सामाजिक, साँस्कृतिक र चेतनामूलक कविता यात्राको सुरुवात हुन्छ । त्यसपछि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' (१९९२) मा प्रकाशित भएपछि नेपाली खण्डकाव्यले फराकिलो

परिवेश ग्रहण गर्दछ । खण्डकाव्यको आधुनिक काल परिष्कारवादी धारामा अग्रणी कवि लेखनाथसँगै सुरुवात भएर वि.सं. १९९१ पछि त्यो परम्परा देवकोटासँगै क्रमशः अगाडि बढेको देखिन्छ । आधुनिक काललाई निम्नानुसार धारामा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) परिष्कारवादी धारा (वि.सं. १९७३-१९९१)

(ख) स्वच्छन्दवादी धारा (वि.सं. १९९२-२०२१)

(ग) प्रयोगवादी धारा (वि.सं. २०२१-२०३७)

(घ) समसामयिक धारा (वि.सं. २०३८- हालसम्म)

**(क) परिष्कारवादी धारा (१९७३-१९९१)**

नेपाली कविताको आधुनिककालमा वि.सं. १९७५ देखि हालसम्म आएर मात्र खण्डकाव्यले विधागत संरचना प्राप्त गरेको देखिन्छ । आधुनिक नेपाली कविताको पहिलो मोड (१९७३-१९९१) परिष्कारवादी धाराले अग्रणी भूमिका खेलेको छ । परिष्कार, परिमार्जन र स्तरीयताका साथ कविता सिर्जना गर्ने यस धाराले नेपाली व्याकरणको लेख्य अनुशासनलाई समेत पालना गरेको देखिन्छ । यस धाराका कविहरूमा समाजसुधार, सांस्कृतिक पुनर्जागरण तथा अध्यात्मिक सुधारका सङ्केतहरूका साथै प्रकृतिको सौन्दर्यको वर्णन पनि कविहरूले गरेका छन् । लेखनाथ पौड्यालबाट प्रारम्भ भएको यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौडेल नै रहेको पाइन्छ । यस अवधिमा लेखनाथ मात्र खण्डकाव्यकारको रूपमा स्थापित भए र उनका ‘ऋतृविचार’ ( वि.सं. १९७३), ‘बुद्धिविनोद’ (१९७३) सत्यकाल संवाद (१९७६), ‘गीताञ्जली’  (१९८६) मेरो राम ( २०११) जस्ता खण्डकाव्यात्मक कृतिहरू प्रकाशित छन् । उनले सूक्ष्मआख्यानात्मकताको फाटपफुट प्रयोग गरे पनि मुख्यतः आख्यानमुक्त कोषकाव्यात्मक ढाँचामा खण्डकाव्यहरूको सिर्जना गरेका छन् ।[२२] परिष्कारवादी धाराका अर्का कवि कुलचन्द्र गौतमको अलङ्कार चन्द्रोदय (१९७५), चक्रपाणि चालिसेको कविता तरङ्गिणी (२०१५), धरणीधर कोइराला ‘नैवेद्य’ (१९७७), महानन्द सापकोटा ‘मनलहरी’ (१९८०), अपुङ्गो (२००७), बालकृष्ण सम आगो र पानी (२०११), भिमनिधि तिवारी ‘तर्पण’ (१९९४), माधवप्रसाद देवकोटा ‘हुस्सु पथिक’ (२०१०), रुरुगौरव (२०३०), आदि ।

**(ख) स्वच्छन्दवादी धारा/प्रगतिवादी धारा (वि.सं. १९९२- २०२१)**

[२२] वासुदेव त्रिपाठी, नेपाली साहित्यकोश, काठमाडौं : ने.रा.प्र.प्र., २०५५ पृ.२४७ ।

स्वच्छन्दतावादी धाराको मुख्य समय (१९९२-२०२१) सालसम्म रहेको छ । परिष्कारवादले भन्दा भिन्न नयाँ प्रवृत्तिहरूलाई लिएर यो धारा देखा पर्दछ । यस धारामा आई पुगेपछि आख्यानात्मक खण्डकाव्यको नव-परम्परा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' (१९९२) खण्डकाव्यबाट थालियो भने पौराणिकभन्दा अन्य आख्यान स्रोतका उपयोगका साथै आख्यानीकरणमा कवि कल्पनाको र भाव पक्षको भूमिका बढ्न थाल्यो ।[२३] मुनामदनमा नेपाली माटोप्रतिको ममता नेपाली सभ्यता र संस्कृतिको यथार्थ र चित्र[२४], प्राकृतिक जीवनप्रति मोह व्यक्त भएको छ र मानवको पवित्र र उज्ज्वल चित्र पनि उतारिएको छ । मानवतावाद, राष्ट्रप्रेम तथा शास्त्रीय बन्धनबाट मुक्तिको चाहना यस धाराका कविहरूका प्रवृत्तिगत विशेषता हुन् । २००४ सालदेखि २०१६ सालसम्मको अवधिलाई नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी युग भनेर नामाकरण गरिएको पाइन्छ । यस युगका प्रवर्तक र सम्बर्द्धक महाकवि लक्ष्मीप्रसाद देवकोटाले वर्णमात्रिक, वार्णिक, मात्रिक, गद्य कवितात्मक र लयात्मक ढाँचामा दुई दर्जन जति खण्डकाव्य लेखेको पाइन्छ । उनका प्रमुख खण्डकाव्यहरूमा 'मुनामदन' (१९९२), राजकुमार प्रभाकर (१९९७), 'कुञ्जनी' (२००२), लुनी (२०२३), मायाविनी सर्सी (२०२४), सीताहरण (२०२५), कटक (२०२६), सिद्धिचरण श्रेष्ठको 'उर्वशी' (२०१७), ज्यानमारा शैल (२०२३), मङ्गलमान (२०४९), माधवप्रसाद घिमिरेको 'गौरी' ( २०१५), 'राजेश्वरी' (२०१७), 'पापिनी आमा (२०१७), घर्तीमाता (२०३०), राष्ट्रनिर्माता (२०३०), अगमसिंह गिरीको 'आसुँ' (२०२४), कञ्जन पुडासैनीको प्रेम (२०१२), 'कवि' (२०१८), वासुदेव त्रिपाठीको राजकुमारी भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६), कालिप्रसाद रिजालको के छ र जिन्दगी बिताइदिन्छु (२०२६), क्षेत्रप्रस्ताप अधिकारी गामबेसीका गीत (२०३४), फेरि एउटा परिवर्तन (२०४५) आदि पर्दछन् ।

**(ग) प्रयोगवादी धारा ( वि.सं. २०२२- २०३७)**

वि.सं.२०१७ सालको राजनीतिक परिवर्तनले ल्याएको अन्यौल र त्यसबाट युवा कविवर्गमा पर्न गएको नैराश्यजनक प्रभाव अनि पाश्चात्य साहित्यमा प्रचलित अस्तित्ववाद, विसङ्गतिवाद, विम्बवाद आदि नवीन चिन्तनका प्रभावमा परम्पराभिन्न नयाँ कविता लेखनको आरम्भ भयो ।[२५] यही समयदेखि कविताका क्षेत्रमा नयाँ प्रयोग भित्रिन थाल्यो । संरचनाको अस्वीकार, अमूर्त लेखन,

[२३] बाबुराम आचार्य, पुराना कवि र कविता, साझा प्रकाशन, छैटौं संस्करण २०५० ।

[२४] प्रकृतिको सुन्दरता रमाइलो नेपाली जनजीवन तथा कृत्रिम र यान्त्रिक भन्दा ।

[२५] लावण्यप्रसाद ढुङ्गाना र अन्य, खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य काठमाडौं : भुँडी पुराण, प्र.सं.२०५७ पृ.१७ ।

जीवनका तत्क्षणको अभिव्यक्ति, जीवनका विशृङ्खल भावहरूको समग्र प्रकाशनको प्रयास प्रयोगवादी लेखनका विशेषता रहेका छन् । प्रयोगवादी लामो कविताका अग्रणी मोहन कोइरालाको 'सूर्यदान' (२०२२) खण्डकाव्यको प्रकाशनसँग आरम्भ भएको मानिन्छ । यस धारामा कलम चलाउने खण्डकाव्यकारहरूमा मोहन कोइराला 'सूर्यदान' (२०२२), 'लेक' (२०२२), 'पलङ नं. २१' (२०२८), नुन 'शिखरहरू' (२०३२), 'सारङ्गी बोकेको समुद्र' (२०३४), ईश्वरबल्लभको 'मेरी आमाले आत्महत्या गरेको देश' (२०२८), एउटा सहरको किनारमा (२०३४), असीत राईको 'अक्टोपस' (२०३८) बानीरा गिरीको 'मेरो आविष्कार' (२०४१) आदि छन् ।

**(घ) समसामयिक धारा (वि.सं. २०३८- हालसम्म)**

नेपाली कविताको समसामयिक युगमा खण्डकाव्य यात्राको उत्कर्ष मुख्यतः लेखनायीय परिष्कारवादी धारा र देवकोटेली स्वच्छन्दतावादी-प्रगतिवादी धाराको मौलिक नव-अनुसरण गर्ने खण्डकाव्यकारहरू एवं प्रयोगवादी तथा आयमिक धाराका लामा कविताकार मोहन कोइराला र ईश्वरबल्लभ लगायतका प्रतिभापूर्ण कृतित्वकै माध्यमबाट प्रकट भएको छ ।[२६] यस समयका खण्डकाव्यहरूमा परम्परित, धार्मिक, पौराणिक तथा ऐतिहासक आख्यानको प्रयोग पाइन्छ भने अर्कातिर कवि कल्पनामा आधारित सामाजिक विषयवस्तु, प्रेम प्रसङ्ग, शोक वर्णन आदि पक्षलाई पनि प्राथमिकता दिइएको पाइन्छ ।

प्रयोगवादी जटिलताले कृति र पाठक बीचको दुरी बढाएका परिप्रेक्षमा त्यसलाई नजिक बनाउने प्रयास समसामयिक कविहरूले थालेको पाइन्छ । असम्प्रेष्यता र जटिलतालाई नै कृति लेखनको सफलता ठान्ने प्रयोगवादी मान्यता विरूद्ध यस धाराका कविहरू कृतिलाई सम्प्रेषणीय बनाउने तर्फ सचेतताका साथ अगाडि बढेको पाइन्छ । यस धाराको आरम्भ गर्ने कविका रूपमा मोहन कोइरालाको 'नदी किनाराका माझी' (२०३८), मोहनकोइरालाकै 'गङ्गाप्रवास' (२०३८), घनश्याम कँडेलको 'देवयानी' (२०३९), दिनेश अधिकारी 'इन्द्रजात्रा' (२०५१), श्रीहरि फुँयालका 'आमाको सम्झना' (२०४७), सरुभक्तको 'ज्यानमारा' (२०५६) आदि छन् ।

यसरी आधुनिक नेपाली खण्डकाव्यका विभिन्न मोड धारा र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै निरन्तर गतिमान् रहेको छ । यस बीचमा पौराणिक, सामाजिक, ऐतिहासिक, आदि विषयवस्तुमा आधारित खण्डकाव्य लेखिएका छन् भने कतिपय आख्यानरहित खण्डकाव्य समेत लेखिएका छन् ।

[२६] वासुदेव त्रिपाठी, नेपाली साहित्यकोश, काठमाडौं : ने.रा.प्र.प्र. २०५५ पृ.२५२ ।

शास्त्रीय, लोकलय एवम् मुक्तलयलाई आत्मसात् गर्दै लेखिनाले यस कालका खण्डकाव्यले लयगत विविधता समेत प्राप्त गरेका छन् । साथै यस कालका खण्डकाव्यले परिष्कृतता, स्वच्छन्दता, प्रयोगशीलता, क्रान्तिकारिता, व्यङ्ग्यात्मकता, युगचेतनामूलक आदि विविध विशेषताहरूले यस कालका खण्डकाव्यहरू सजिएका छन् । विविध सेरोफेरोका माझबाट विकसित भएको नेपाली खण्डकाव्य एक सशक्त विधाका रूपमा उभिन सफल भएको छ । नयाँ र पुराना लेखकहरूबाट खण्ड काव्य लेखिने क्रम जारी छ ।

# परिच्छेद : तीन

## भगवानचन्द्र ज्ञवालीको जीवनी र व्यक्तित्व र कृतित्व

### ३.१ जन्म र जन्मस्थान

भगवानचन्द्र ज्ञवालीको जन्म २०१३ साल श्रावण १८ गते मङ्गलबार पाल्पा गोसुङ्गामा भएको हो । उनी गङ्गादेवीको कोखबाट चौंथो सन्तानका रूपमा जन्मिएका हुन् ।[२७] ज्ञवालीको न्वारनको नाम जगदिश ज्ञवाली हो भने उनको राशी धनु हो । शिक्षण पेशामा संलग्न उनका पिता बालकृष्ण ज्ञवालीका जम्मा आठ सन्तान मध्ये उनी अगाडि ३ दिदीहरू छन् पछि चारजना भाइहरू रहेका छन् । भगवानचन्द्र ज्ञवालीको तीन दिदीहरूको जेठी दिदी शारदा हाल गोखुङ्गा, माहिली दिदी लक्ष्मी गुल्मी र कान्छी दिदी राधा रूपन्देहीमा विवाहित जीवन व्यतित गरिरहेका छन् । त्यस्तै ज्ञवाली पछिका चार भाइ क्रमशः लक्ष्मीचन्द्र, ईश्वरचन्द्र, कृष्णचन्द्र र सूर्यचन्द्र ज्ञवाली हाल रूपन्देही, तीन थाना र अमेरिकामा बसोबास गर्दै आएका छन् । कार्य क्षेत्रमा भगवान चन्द्र ज्ञवाली नामले परिचित उनको साहित्यिक क्षेत्रमा भूषण उपाध्याय, भगवानचन्द्र उपाध्याय, भगवानचन्द्र ज्ञवाली यी तिनै नामले परिचित छन् ।

### ३.२ बाल्यकाल

भगवानचन्द्रको ज्ञवालीको बाल्यकाल पाल्पाको गोसुङ्गा र बगुवा बेसीमा नै बितेको बुझिन्छ । बाल्य अवस्था मानव जीवनको प्रारम्भिक चरण भएकाले यस उमेरका जुनसुकै बालकहरू पनि बालसुलभ आचरण, मनोरञ्जन तथा खेलकुदमा रमाएर बिताउने गर्दछन् । वाल्यकालमा आई परेका कठिनाइको सामना गर्नु पर्दा कतिपय व्यक्तिको आफनो शारीरिक र मानसिक विकास बारे अलग रहनुपर्ने अवस्था आउन सक्छ । वि. सं. २०२३ साल चैत्र २८ अर्थात् १० वर्षको उमेरमा मातृ शोकमा उनी परेका थिए । मातृ शोकमा परेपछि उनले ‘आमा खोइ ?’ नामक कविता लेखेको बुझिन्छ ।[२८] त्यसैले उनको साहित्यको बीजारोपण बाल्यकालमै भएको देखिन्छ । घरमा पितृसत्तात्मक माहोलका कारण उनी आफना बुबासँग बढी डराउने आफ्नै बुबा मुनि बसेर पढेका

[२७] सरिता थापा, भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन, शोधपत्र, नेपाली केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग वि.सं.२०६९ : पृ.३ ।

[२८] ऐजन पृ.४ ।

ज्ञवालीमा अलिकति डर रहेको तर पढाइमा राम्रो गरिरहेका कारण अलि आत्मविश्वास भएको कुरा उनी स्वीकार्दछन् भने सामान्य घरको माहोलमा उनी हुर्किएको बताउँछन् ।

## ३.३ शिक्षा

प्रारम्भिक शिक्षा ५ वर्षको उमेरदेखि भगवानचन्द्र ज्ञवालीले आफ्नै बुबाले स्थापना गरेको प्राथमिक विद्यालय बाल विनोद विद्यालय पाल्पामा कक्षा १ बाट कक्षा ५ सम्म अध्ययन गरेका हुन् । त्यसपछि कक्षा ६ देखि कक्षा ९ सम्मको अध्ययन खिदिम हरिहर संस्कृति पाठशालामा अध्ययन गरेको बुझिन्छ । ज्ञवालीले वि.सं. २०२९ सालमा यु.पि. बोर्ड इलाहावादबाट एस.एल.सी उत्तीर्ण गरेको बुझिन्छ ।[२९] ज्ञवालीले उच्च शिक्षा अध्ययन गर्ने क्रममा यु.पि. बोर्ड इलाहावाद, भारतबाट आई.ए, सम्पूर्णान्द संस्कृत विश्वविद्यालय, भारतबाट स्नातक, त्रि.वि. नेपालबाट स्नातक, त्रि.वि. नेपालबाट स्नातकोत्तर नेपाली, त्रि.वि. नेपालबाट अङ्ग्रेजीमा स्नातकोत्तर, त्रि.वि. नेपालबाट बी.एड. अध्ययन गर्नु भएको बुझिन्छ । उनले वि.सं.२०३० सालमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा रहँदा संस्कृत नव्य व्याकरण, नेपाली र अङ्ग्रेजी मुख्य विषय बनाई अध्ययन गरेका थिए ।

## ३.४ बसोबास

भगवानचन्द्र ज्ञवाली बसोबासको सिलसिलामा पाल्पा, रूपन्देही, काठमाडौ जस्ता विविध स्थानमा जागिर र अध्ययनका सिलसिलामा बसोबास गरेका र हाल ललितपुर, कुपण्डोलमा आफनी श्रीमती र छोरीका साथ डेरामा बसोबास गर्दै आइरहेका छन् । पुर्ख्यौली थलो सुरुमा पाल्पा रहे पनि पिता रूपन्देही बसाइँ सरी गएका कारण हाल सम्पूर्ण सम्पत्ति उहीँ छ । यहाँ आफ्नो कमाइले घरपरिवार सञ्चालन गरेर जीवन व्यतित गरिहेका छन् ।[३०]

## ३.५ व्यावसायिक जीवन

विद्यालयको स्तरको अध्ययन सकेर बनारस उच्च शिक्षा हासिल गर्ने क्रममा ६ महिना जति हरिद्वारमा कार्यरत रहे पनि पूर्ण रूपमा जागिरे जीवन २०३२ साल चैत्रमा धादिङ, पण्डित पौवा, जनज्योति मा.वि.मा गणित, विज्ञान र अङ्ग्रेजी शिक्षकका रूपमा सुरु गरेको बुझिन्छ ।

---

[२९] ऐजन पृ. ५ ।

[३०] ऐजन पृ. ६ ।

त्यसबेलादेखि हालसम्म काम अनेक सङ्घ संस्थामा काम गरिसकेका छन् । २०३७ सालमा बुटवल बोर्डिङ्ग स्कुलमा काम गरेका, गजडी मा.वि. रूपन्देही, संस्कृत मा.वि. पाल्पा, बास्तरा द्यौराली मा.वि. स्याङजा, दोभान मा.वि. पाल्पा, ठाकुरराम बहुमुखी क्याम्पस विरगञ्ज, विरगञ्ज नर्सिङ्ग क्याम्पस विरगञ्ज र रत्नराज्यलक्ष्मी क्याम्पसमा हालसम्म अध्यापनरहत हुनुहुन्छ ।

वि.सं. २०३६ सालमा भएको विद्यार्थी आन्दोलनमा सहभागी भए वापत उनको जागिर खोसिएको थियो भने गजडी मा.वि.मा अध्ययनको क्रममा समेत शिक्षक आन्दोलनमा सहभागी भए वापत उनलाई जागिरबाट निकाला र तीन महिनाको जेल सजाय पाएका थिए । ठाकुरराम बहुमुखी क्याम्पसमा शिक्षकको रूपमा काम गरिरहेको समयवधिमा २०५८ साल मंसिर २८ गते माओवादीमा नाममा उनी जेल चलान भई डेढ वर्षसम्म जेल जीवन बिताउन बाध्य भएको बुझिन्छ ।

यसरी अनेक उतारचढावबाट अगाडि आएका ज्ञवालीको प्रायः जसो समय शिक्षण पेसामा बितेको देखिन्छ । हाल उनी त्रि.वि.अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयको अध्यापनमा संलग्न हुनुहुन्छ ।

### ३.६ निष्कर्ष

वि.सं. २०१३ सालमा पाल्पाको भुवनपोखरी जन्मिएका भगवानचन्द्र ज्ञवालीको हाल ललितपुर कुपन्डोलमा बसोबास रहेको छ । यिनको बाल्यकाल पाल्पामा बितेको र त्यहीबाट अक्षराम्भ र माध्यमिक तहसम्म अध्ययन गरेका ज्ञवालीले अध्ययनका लागि केही समय भारत जानु परे पनि पुनः नेपालमै आएर अध्ययन पूरा गरेको देखिन्छ । जागिरको सिलसिलमा पाल्पा, बुटवल, धादिङ, स्याङजा, रूपन्देही, वीरगञ्ज र काठमाडौंमा आफ्नो जीवनको लामो समय खर्चे तापनि शिक्षण पेसामा रहेर यसै क्षेत्रमा आफ्नो उल्लेखनीय योगदान दिइरहेका देखिन्छन् ।

### ३.२ भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व

व्यक्तिका जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछन् । व्यक्तिको व्यक्तित्व निर्माणमा मानिसका जीवन भोगाइमा आउने विविध घटना, आरोह-अवरोह, घात प्रतिघात, द्वन्द्व-प्रतिद्वन्द्व क्रिया-प्रतिक्रिया आदिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तित्व निर्माणमा परिवेश, सामाजिक रहनसहन, पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षाले आदिले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नयाँ दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो । व्यक्तिमा स्रष्टा र प्रष्टा दुवै व्यक्तित्व रहेको हुन्छ । भगवानचन्द्र ज्ञवालीमा स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व रहेका छन् । एकातर्फ उनी साहित्यिक सिर्जनामा लागेका छन् भने अर्कोतर्फ अरुका कृतिका सम्बन्धमा द्रष्टा बनेर समालोचना सम्पादन कार्यमा पनि संलग्न छन् । सिर्जना र समालोचना दुवै क्षेत्रमा कलम चलाएका ज्ञवालीको व्यक्तित्व सफल देखिन्छ । यिनको व्यक्तित्वलाई निम्न अनुसार देखाउन सकिन्छ ।

#### ३.२.१ निजी व्यक्तित्व

व्यक्तिको आनीबानी व्यहारसँग सम्बन्धित व्यक्ति धर्म नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले सार्वजनिक व्यक्तित्वमा प्रभाव पार्दछ । निजी व्यक्तित्वको आकारप्रकारका साथै आन्तरिक आचरण शील स्वाभाव आदिको ज्ञान गराउँदछ ।

व्यक्तिको शारीरिक बनोट आकारप्रकार नै बाह्य व्यक्तिसँग सम्बन्धित त भएकोले भगवानचन्द्र ज्ञवालीलाई त्यसै अनुरूप हेर्दा यिनी पाँच फिट सात इन्च अग्ला केही दुब्ला, हँसिलो मुख भएका लाम्चो अनुसार दायाँ गालामा कोठी भएका अन्दाजी पचास के.जी तौल भएका व्यक्तिका रूपमा लिन सकिन्छ । अनावश्यक कुराकानी गर्न नरुचाउने तर जायज र सही कुरा गर्न पछाडि कहिल्यै नपर्ने खरो व्यक्तिका रूपमा देखा पर्दछन् । सधैं हँसिलो र खुसी रहने चाकडी चाप्लुसी गर्न पटक्कै मन नपराउने, स्वावलम्बी र स्वाभिमानी बानी व्यहोराको रूपमा सन्दर्भमा उनी सरल, मिलनसार, उदार विचार उनको विशेषता रहेको अनावश्यक बातचित गर्न नरुचाउने अन्तर्मुखी प्रकृतिको तर सही कुरामा तर्कविर्तक गर्न पछाडि नहट्ने उनको बानी देखिन्छ ।[३१]

[३१] ऐजन पृ.९ ।

धर्मप्रतिको आस्थामा विषयमा भन्नु पर्दा यिनी सुरुका समयमा अध्यात्मिकवादी रहे तापनि पछिल्लो समयमा आफ्नो विचारधारामा परिवर्तन आएको कुरा उनी आफैँ स्वीकार्छन् । मानवतावादी सोच, डेढ वर्षीय जेल जीवन, राजनीतिक षड्यन्त्रको सिकार साथै विविध परिस्थितिको सामनासँगै संस्कृतको आचार्य प्रथम वर्षसम्मको अध्ययन गरेर पण्डित्याइँ समेत गरेका ज्ञवालीको पछिल्लो समयमा आफ्ना लेख रचना, सम्पादकीय, स्तम्भ लेखनका समसामयिक विषय, नारी हकहित, राजनीतिक विषयवस्तुप्रति बढी चासो, समाजका अन्याय, अत्याचार, पार्टीको लुछाचुडीमा आम जनताले भोग्नु परेका समस्या जस्ता तत्कालीन विषयमा बढी केन्द्रीत हुने गरेका देखिन्छन् । रूढिवाढीप्रति विश्वास नगर्ने बानी यिनमा पाइन्छ । ५६ वर्षीय लामो जीवनको यात्रा तय गरिसकेका ज्ञवाली समयक्रम अनुसार कविता, नाटक, कथा, गीत, गजल, लेख रचनाप्रति अगाडि बढ्दै आएको पाइन्छ ।

### ३.२.२ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व उसले गरेका साहित्य सिर्जनाबाट मूल्याङ्कन गर्न सकिन्छ । साहित्यका कविता, कथा, उपन्यास, नाटक, निवन्ध आदि विविध विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । भगवानचन्द्र ज्ञवालीको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरूका आधारमा बुँदागत रूपले स्पष्ट पार्न सकिन्छ ।

वि.सं.२०२५ सालमा हरिद्वार छात्र सङ्घको मुखपत्र सगरमाथा पत्रिकामा ‘सपना’ नामक कविता लेखनबाट औपचारिक रूपमा नेपाली एकाङ्ककी गजल, गीत, समालोचनात्मक लेख आदि लेखेर योगदान गरेका छन् । आफू बाँचेको समाज र परिवेशमा मान्छेहरूले भोगिरहेको, जिन्दगीको यथार्थमा हेरेर साहित्य गर्छन् । उनको हालसम्मको सिर्जनाशील व्यक्तित्वलाई साहित्यिक व्यक्तित्वभित्र अध्ययन गरिएको छ ।

#### कथाकार व्यक्तित्व

साहित्यको विविध क्षेत्रमा कलम चलाउने क्रममा कथा विधामा पनि उल्लेख्य रूपमा योगदान पुऱ्याएका छन् । २०६१ सालमा प्रकाशन भएको दोभान कथासङ्ग्रह उनको मुख्य पुस्तकको रूपमा रहेको छ । दोभान कथासङ्ग्रह अन्तर्गत १२ वटा कथा सङ्ग्रहित छन् । यसभित्र समेटिएको कथावस्तुले समसामयिक समस्या, यौन समस्या, बाल मनोविज्ञान, सामाजिक समस्यालाई समेट्ने प्रयास गरेको छ । निम्न मध्यम वर्गीय पात्रको प्रयोग, भाषा शैली प्रयोगमा सरलता, सहजता र

कहीँ संस्कृत संवादको पनि प्रयोग उनका कथामा पाइन्छ । प्रायः तराई क्षेत्रको परिवेश जीवनशैली, संस्कृतिको चित्रण उनको यस कथासङ्ग्रहको विशेषता हो ।

ज्ञवालीमा फुटकर रूपमा नारायणी धारा साप्ताहिक २०५० वर्ष १, अङ्क २७ मा एक लास लघु कथा र अङ्क २८ मा औपन्यासिक गुरुआमा दुई लघु कथा प्रकाशित छन् । यसरी नै मिर्मिरे मासिक २५८ पूर्णाङ्क ११ वर्ष २५, २०६३ मा जेलमा एक रात नामक कथा पनि प्रकाशित भएको छ ।

### नाटककार व्यक्तित्व

भगवानचन्द्र ज्ञवालीको प्रकाशित कृतिहरू मध्ये नाटक पनि एक हो । 'जब मरेकाहरू ब्युँझन्छन्' (२०६१) उनको प्रमुख कृति हो । यस नाटक भित्र दृष्टान्त र स्वप्नभङ्ग एकाङ्की पनि समावेश गरिएका छन् । यस नाटक तथा एकाङ्ककी सङ्ग्रहभित्र उनको जब मरेकाहरू ब्युँझन्छन् नाटक राजनीतिक विषयवस्तुलाई आधार लिएर दुई अङ्क र जम्मा ९ दृश्यमा संरचित छ । समाजमा परिवर्तन र राजनीतिक सचेतनाको खाँचो आजका दिनमा छ भन्ने भाव पनि यहाँ प्रष्ट पारिएको छ । त्यसैगरी दृष्टान्त एकाङ्की मृत्युपछि जीवनको कल्पना गरी लेखिएको छ । जहाँ मृत आत्माको कसरी आफ्नो मृत्युपछि पनि थिचोमिचोको बदला लिन तत्पर हुन्छ भन्ने कुरालाई अति यथार्थवादी ढङ्गमा देखाइएको छ । यसका साथै स्वप्नभङ्ग एकाङ्कीमा पनि दुई पनि पत्नीका बीचको संवादलाई नाटकीय रङ्ग दिएको छ । पति प्रवीणका अनुपस्थितिमा अनैतिक अवस्थासँग यो घटना प्रसङ्ग सम्बन्धित छ । यसरी समाजका सामान्य देखिने तर जटिल परिणाम हुन सक्ने विषय वस्तुलाई समेटेर ज्ञवालीलाई सीमित पात्रद्वारा सरल सहज रूपमा नाटक सिर्जना र प्रकाशन गरेका छन् ।

### कवि व्यक्तित्व

विधार्थी जीवनमै 'आमा खोई ?' 'सपना' जस्ता कविताबाट आफ्नो कविता यात्रा अघि सार्ने ज्ञवालीका फुटकर रूपमा गद्य कविता गीत, गजल आदि प्रकाशन भए पनि खण्डकाव्य कृतिका रूपमा भने 'वीरभूमि' खण्डकाव्य बाहेक अन्य कृति प्रकाशन भएको छैन । उनका फुटकर कवितामा 'ऐजेरु' मासिक वर्ष १ अङ्क ५/६ मा भूतकाल कविता, 'नारायणी धारा' साप्ताहिक वर्ष १ अङ्क २५ मा किसान कविता, नारायणी धारा साप्ताहिक वर्ष १ अङ्क ३४ अन्तर्चक्षु कविता 'नारायणी धारा' साप्ताहिक वर्ष १ अङ्क ३६ युद्ध अझै जारी छ कविता, नारायणी धारा साप्ताहिक वर्ष १

अङ्क ४३ शहीदको सम्झनामा कविता, “सिन्धु प्रवाह” बहुभाषिक मासिक पत्रिका वर्ष १ अङ्क २ मा भरिया दाइ, गीत, ‘नयाँ विहानी’ साप्ताहिक वर्ष १, अङ्क २३ गजल, ‘गौरी नववर्षाङ्क र मासिक पत्रिकामा मेरो देश र छन्द कविता यसरी गद्य, पद्य, गीत, गजल, हिन्दी कविता रचनामा लागेका ज्ञवालीको कवितामा देशभक्ति, समाज परिवर्तन र क्रान्तिको आवश्यकता जस्ता कुराहरूलाई समेटिएको छ ।

**सम्पादक व्यक्तित्व**

स्रष्टा र द्रष्टा दुई रूपबाट हेर्दा भगवानचन्द्र ज्ञवालीमा स्रष्टा व्यक्तित्वको साथसाथै द्रष्टा व्यक्तित्व पनि रहेको देखिन्छ । यसरी हेर्दा उनको सम्पादक, समालोचक व्यक्तित्वलाई द्रष्टा व्यक्तित्व अन्तर्गत राखेर अध्ययन गर्नुपर्ने हुन्छ । उनले विविध पत्रपत्रिकाको सम्पादन र स्तम्भ लेखनको काम पनि गरेका छन् । ती मध्ये नारायणी धारा साप्ताहिक (२०५०) मा उनले स्तम्भ लेखन गरेका छन् भने नव सौगात साप्ताहिक वीरगञ्जनको २०५३ वर्ष १ अङ्क १ देखि १६ सम्म सम्पादकको कलम नामले सम्पादकीय लेखन र पत्रिका सम्पादन गर्ने काम गरेका छन् । नयाँ विहानी साप्ताहिक, वीरगञ्ज २०५४ को प्रधान सम्पादकका रूपमा काम गरी वर्ष १ अङ्क १ देखि ३२ सम्म पत्रिका सम्पादकीय लेखन पनि गरेका छन् । उनले कुर्चीमोह, भ्याटको औचित्य, एड्स दिवस, नेपालबन्द, मह दिवस, जनआन्दोलन कुरा, एमालेको फुट दुर्भाग्यपूर्ण, कार्यगत एकताका खाँचो, वर्तमान नेपालको अवस्था, वीर सहिदहरूप्रति, मानव अधिकारको अवहेलना जस्ता विविध विषयवस्तुमा आफ्ना विचार प्रस्तुत गर्नुका साथै जनमानसमा जागृतिको प्रयास पनि गरेका छन् । यसरी प्रतीक दैनिक पत्रिकामा सम्पादकीय लेखनका क्रममा २०५३-२०५६ वर्ष १० अङ्क १, २५६, २७७ र वर्ष १३, अङ्क ३० मा नेपाली भूमिमा भारतीय हस्तक्षेप विषयमा विविध लेखकहरू लेखी नेपाल भारत सीमाको नाजुक मामलालाई पनि अगाडि ल्याउने कोसिस गरेका छन् । प्रतीक दैनिक पत्रिका वर्ष १४, अङ्क ३१२ मा विश्व साम्राज्यवाद र दरबार हत्या काण्ड अङ्क २३९ र ३४० मा क्रमशः नेपाली जनताले बुझ्नु पर्ने कुरा १, नेपाली जनताले बझ्नुपर्ने कुरा २, जस्ता लेख पनि प्रकाशन गरेका छन् । यसरी पत्रपत्रिकाको सम्पादन, लेख, स्तम्भ लेखन जस्ता कार्य मार्फत नेपाली जन मानसमा जागृतिको पहल थालेका उनका प्रयास सार्थक छ ।

**समालोचक व्यक्तित्व**

साहित्यको अन्य विधा जस्तै ज्ञवालीले समालोचनाका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका फुटकर समालोचना विविध पत्रपत्रिकामा प्रकाशित छन् । मधुपर्क २०६४ पुस अङ्कमा संस्कृत लोक संस्कृति र लोक विश्वासको अन्तर्सम्बन्ध नामक लेख प्रकाशित छ । रत्नराज्यलक्ष्मी क्याम्पसद्वारा वार्षिक रूपमा प्रकाशित हुने उन्मेष पत्रिका (२०६६) अङ्क १० मा मनोविज्ञानको नजरभित्र मसानको स्वरूप समालोचनात्मक लेख प्रकाशित छ भने २०६८ को अङ्क १२ मा तासको जामा नाटकमा द्वन्द्वको अवस्था लेख पनि प्रकाशित छ त्यस्तै गरेर २०६८ मा प्रकाशित मात्रा समालोचनाको पुस्तक प्रकाशित छ ।[३२] यस पुस्तकमा उनको 'तासको जामा' नाटकमा द्वन्द्वको अवस्था, श्रीमैँयाको इयर्लिङ्गमाथि मेरो नजर, निशानाका आवरणभित्र, स्वर्ग र देवताको स्थुल विवेचना, रक्तक्रान्तिका गीतहरूमा क्रान्तिको गहनता, होमरका रचनामा एक दृष्टि, मनोविज्ञानका नजरभित्र 'मसानको स्वरूप' पश्चिमेली रङ्गमञ्चका इतिहासमाथि एक दृष्टि, 'अन्धवेग' नाटकमा असामान्य मनोदशाको अभिव्यक्तित्व स्मृतिको पर्खालभित्र चियाएर हेर्दा, लङ्गडाको साथीसँगको मेरो अनुभूति नेपाली भाषाको अध्ययन र शब्दसङ्ग्रह : एक सिंहावलोकन, थारू जातिको उत्पत्ति र हाम्रो समाज, भानुभक्तबारे[३३] जस्ता लेखहरू सङ्ग्रहित छन् ।

### अनुवादक व्यक्तित्व

भगवानचन्द्र ज्ञवालीले अनेक विधामा कलम चलाएका छन् । त्यसै क्रममा उनले अनुवाद विधामा पनि कलम चलाएका छन् । उनले अनुवाद लेखन गर्ने क्रममा आधुनिक चीनको आवधिक इतिहास (२०६४), मार्क्सदेखि माओत्सेतुङसम्म, (२०६३) विश्वचर्चित पश्चिमेली उपन्यासहरूको कथासार (२०६४) जस्ता रचनाहरू प्रकाशित छन् । यस अनुवादित रचनाहरूलाई अध्ययन गर्दा ज्ञवालीभित्र एक सफल अनुवादक व्यक्तित्व रहेको कुरा प्रतित हुन्छ ।

### ३.२.३ साहित्येतर व्यक्तित्व

भगवानचन्द्र ज्ञवाली बहुमुखी प्रतिभाशाली व्यक्ति हुन् । उनले साहित्यका साथै साहित्येत्तर विधामा पनि कलम चलाएका छन् । उनको मनोविज्ञान सम्बन्धी लेखिएको पुस्तक असामान्य मनोविज्ञान परिचय (२०६३) प्रकाशित छ । त्यसको साथै तीन वर्षे बी.एड. स्नातक तहको

[३२] ऐजन पृ.१५ ।

[३३] ज्ञवाली, भगवानचन्द्र, (२०६८), यात्रासमालोचनाको (प्र.सं) काठमाडौं स्वदेश प्रकाशन प्रा.लि. ।

अनिवार्य नेपाली पाठ्यपुस्तक (२०६१) पनि प्रकाशित छ । जुन कृतिहरू उनको साहित्येतर लेखनको परिचय दिन लायक छ ।

भगवानचन्द्र ज्ञवाली वि.सं.२०३२ सालदेखि हालसम्म पनि शैक्षिक संस्थामा कार्यरत भएर आफनो जीवन व्यतित गरिरहेका छन् । आफनो जीवनमा नोकरीको सिलसिलामा धेरै समय देशका विभिन्न भागमा बिताएका उनी हाल काठमाडौंको रत्नराज्यलक्ष्मी क्याम्पसमा अध्यापनरत छन् । ज्ञवाली विभिन्न भाषाका ज्ञाता पनि छन् । त्यसैले उनमा बहुभाषिक व्यक्तित्व पनि पाइन्छ । उनी सहयोगी र परोपकारी  प्रवृत्तिका देखिन्छन् । नम्र भावना भएका व्यक्तित्वका रूपमा पनि चिन्न सकिन्छ । उनमा समाजसेवी व्यक्तित्व पनि झल्किन्छ । ज्ञवाली वामपन्थी विचारधारा भएका राजनीतिक व्यक्तित्व पनि हुन् । उनमा मार्क्सवादी र माओवादी जीवन दृष्टि पाइन्छ । करिब डेढ वर्ष जेल जीवन बिताइसकेका ज्ञवाली राष्ट्रको प्रगति र विकासको चाहना राख्छन् । यी सम्पूर्ण व्यक्तित्वहरूलाई मनन गर्दा उनमा बहुआयामिक व्यक्तित्व पाइन्छ ।

### ३.२.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध

भगवानचन्द्र ज्ञवालीको जीवन करिब ६ दशक लामो विभिन्न परिवेश माझबाट गुज्रेको देखिन्छ । यही लामो अवधिको आफ्नो जीवन भोगाइको अवस्थामा गरेका अनुभवको साल तथा जटिल परिस्थितिहरूले उनलाई एउटा निश्चित मार्गदर्शन गर्दै लगेका कुरा उनको जीवनी अध्ययनबाट स्पष्ट हुन्छ । उदार विचार, सहृदयी व्यक्तित्व भएका ज्ञवाली मूलतः नाटककार, कथाकार र कवि व्यक्तित्वका रूपमा परिचित छन् । यिनका कथा, नाटक र कवितामा समाजका कुरीतिप्रति व्यङ्ग्य गर्दै मानिसलाई मानवीय भाव झल्काउन अनुरोध गर्छन् । साथै यिनमा रचनामा समाज सुधारको पनि भावना अभिव्यक्त भएको छ । यिनका कवितामा सामाजिक भाषामा लेखिएको अग्रज साहित्यकारका कृति र आफ्नो जीवन भोगाइका क्रममा सम्पर्कमा आएका साहित्यकारहरूको प्रोत्साहन नै यिनको साहित्य लेखनका प्रेरक तत्त्व बनेका छन् । साहित्यका विविध सर्जक लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, युद्धप्रसाद मिश्र, वि.पी. कोइरालाप्रति यिनी श्रद्धावान् देखिन्छन् । यसैगरी नेपाली भाषाका साहित्यकारका अतिरिक्त पाश्चात्य, हिन्दी र संस्कृत साहित्यका विशिष्ट साहित्यकारहरूको पनि यिनमा आंशिक रूपमा प्रभाव परेको देखिन्छ र ग्रामीण तथा सहरिया परिवेश अनुभव गरिसकेका ज्ञवालीले दुवै परिवेशको चित्रण गरी साहित्य सिर्जना गरेका छन् । यिनमा रचनामा ग्रामीण एवं सहरी जीवनको विकृति, चाकडी र चाप्लुसी, सामाजिक विकृति, विसङ्गतिप्रति तीव्र विरोध तथा व्यङ्ग्य पाइन्छ । साथै

नारीप्रति सद्भाव नारी मनको चित्रण, राष्ट्रप्रेम, गरिब अशिक्षा, प्रेम, यौन, राजनीति आदि विषयहरू पाइन्छन् ।


### ३.२.५ भगवानचन्द्र ज्ञवालीका कृतित्वको अध्ययन

भगवानप्रसाद ज्ञवालीको साहित्यिक जीवनको सुरुवात उनको बाल्यकालमा बितेको पाल्पाको वरपरको प्राकृतिक वातावरण त्यहाँको मानिसहरूको जीवनशैली मुख्य कारक बनेको छ । साथै दस वर्षको उमेरमा मातृशोक व्यहोर्नु परेको थियो । त्यसबाट पनि उनमा साहित्यिक प्रेरणा मिलेको बुझिन्छ । मोदनाथ प्रश्रितद्वारा लेखिएको 'बुबा खोइ ?' कविताबाट प्रेरित भई सोही समयमा उनले 'आमा खोइ ?' भन्ने कविता ६० श्लोकमा लेखेका थिए । पछि गएर लियो टोल्सटोय, हेनरिक इब्सेन, म्याक्सिम गोर्की जस्ता पाश्चात्य साहित्यकारहरूका कृतिको विशेष अध्ययन र नेपालका साहित्यकारहरू मध्ये लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, युद्धप्रसाद मिश्रजस्ता साहित्यकार र तिनका साहित्यिक कृतिबाट यिनी आफू प्रभावित भएको मान्दछन् । यसरी पूर्वीय र पाश्चात्य साहित्यको अध्ययनको प्रभाव र प्रेरणा स्वरूप र कतिपय कृति फुटकर रुपमा कतिपय पुस्तकार रुपमा र कतिपय कृति अप्रकाशित अवस्थामा रहेको बुझिन्छ । 'आमा खोई ?' कविताबाट साहित्य सिर्जनामा लागेका ज्ञवाली विधागत ज्ञान र उमेरको परिपक्वतालाई हेर्ने र प्रकाशनको हिसाबले उनको हरिद्वार छात्र सङ्घको मुखपत्र सगरमाथा पत्रिकामा प्रकाशित सपना कविता वि.सं. २०२५ लाई उनको प्रथम प्रकाशित रचना मान्नु पर्ने हुन्छ । वि.सं.२०४८ सालमा नवस्रष्टा पत्रिकाको सम्पादनको क्रममा सोही पत्रिकामा 'बादल' नामक एकाङ्की पनि प्रकाशित गरे । यसैगरी ऐजेरु मासिक वर्ष १ अङ्क ५-६ मंसिरमा 'भूतकाल' नामक कविता प्रकाशित गरेका थिए । २०५० सालको नारायणी धारा साप्ताहिक, नवसौगात, नयाँ विहानी, प्रतीक आदि पत्रिकामा भूषण उपाध्याय, भगवानचन्द्र ज्ञवाली विविध नामबाट रचना प्रकाशित भएको बुझिन्छ भने पुस्तकाकार कृति २०६१ साल पछि मात्र अगाडि आएका देखिन्छन् ।

### ३.२.६ कृतिहरूको परिचय र वर्गीकरण

भगवानचन्द्र ज्ञवाली कथाकार, नाटककार, समालोचक, सम्पादक, अनुवादक, निवन्धकार, खण्डकाव्यकार आदि व्यक्तित्वको रूपमा चिनिन्छ । लेखनका दृष्टिले फुटकर रूपमा रचनाहरू प्रकाशन भए पनि पुस्तकाकार कृतिको प्रकाशन भने २०६१ बाट मात्र भएको प्रष्ट हुन्छ । उनमा प्रकाशित कृतिहरूलाई निम्न लिखित रूपमा वर्गीकरण गर्न सकिन्छ ।

ज्ञवालीका कृतिहरूलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । साहित्यिक कृति अन्तर्गत गद्य विधामा नाटक, उपन्यास, कथासङ्ग्रह छ भने पद्य विधा अन्तर्गत वीरभूमि खण्डकाव्य र अन्य फुटकर कविताहरू पर्दछन् । तीन अनुवाद सङ्ग्रह एक अनिवार्य नेपाली पाठ्यपुस्तक र असामान्य मनोविज्ञान विषय पुस्तकको लेखन र प्रकाशन उनले गरेका छन् ।




### ३.२.७ प्रकाशित तथा अप्रकाशित कृतिहरू

**(क) प्रकाशित कृतिहरू**

भगवानचन्द्र ज्ञवाली

१. कथासङ्ग्रह : दोभान (२०६१)

२. नाटक : जब मरेकाहरू ब्यूँझन्छन् (२०६२)

३. जीवनी : आर्किमिडिजको जीवनी (२०६३)

४. अनुवाद :  विश्व चर्चित उपन्यासहरूको कथासार (२०६४)

५. अनुवाद : मार्क्स टु माओ (२०६४)

६. मनोविज्ञान : असामान्य मनोविज्ञान (२०६२)

७. अनुवाद : चीनको आवधिक इतिहास (२०६९)

८. खण्डकाव्य : वीरभूमि खण्डकाव्य (२०७०)

९. समालोचना: समालोचना सङ्ग्रह (२०६८)

१०. बी.ए. बी.एड. अनिवार्य नेपाली पाठयपुस्तक लेखन

**(ख) प्रकाशोन्मुख कृतिहरू**

१. कविता सङ्ग्रह (मुक्तक र कविता)

२. गर्हित (उपन्यास)

३. दुई सत्ताको कथा

४. समालोचना सङ्ग्रह

# परिच्छेद : चार

## वीरभूमि खण्डकव्यको विधा परक अध्ययन

### ४.१ शीर्षक विधान

वीर विशेषण शब्द र भूमि नाम पदको संयोजनबाट 'वीरभूमि' शीर्षकको निर्माण भएको छ । नेपाल र नेपालीको इतिहास हेर्ने हो भने वीरहरूको त्याग र तपस्याले गर्दा आज यो देश अस्तित्वमा रहेको छ । यसै अनुरूप प्रस्तुत खण्डकाव्यको शीर्षक सार्थक रूपमा चित्रण भएको छ । प्रस्तुत खण्डकाव्यमा आठ गुम्फनहरू छन् । प्रत्येक गुम्फन शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको छ । प्रथम गुम्फन देखि आठौ गुम्फनसम्म आई पुग्दा कविले आफ्नो कविता रचना शैलीलाई प्रष्ट पारेका छन् । अङ्ग्रेजी शासकहरुको साम्राज्यवाद विरुद्धमा थुप्रै नेपाली वीरहरुले आफ्नो जीवन समर्पण गरेर नेपाल राज्य निर्माण भएको हो । वीरहरू जन्मिएको भूमि अर्थात वीरहरूको देशको समस्त पद 'वीरभूमि' हो । वीरताको गाथाले नै सुनौलो इतिहास निर्माण गरेको छ । साथै विश्वलाई शान्तिको सन्देश छर्ने गौतम बुद्ध, नारी आदर्शलाई विश्वमा चिनाउने सीता, भृकुटी र विश्वमा कलाकौशलाताको परिचय गराउने अरनिको जस्ता महान व्यक्तिले यो देशको गौरव गाथालाई संसारमा फिजाउने काम गरेको तथ्य यख खण्डकाव्यमा पाउन सकिन्छ । यस खण्डकाव्यको मूल विषयवस्तु वीरता, समर्पण, त्याग, मानवीयता, विवेक, वीरहरुको त्यागले सिर्जित भूमि नेपाल हो । नेपालका धेरै वीर तथा साहसी व्यक्तिको पराक्रम, समर्पण र उत्सर्गबाट देश जन्मिएको र जीवित भएको कुरा व्यक्त भएको पाइन्छ । यसमा सहिदहरूले देखाएको समर्पण भाव र उनीहरूको कीर्ति गाथालाई पनि गाउने काम भएको छ । उपयुक्त कुराहरूले नेपाल देशको अस्तित्व र महत्त्वलाई जीवन्त पार्न वीरहरूले खेलेका भूमिकाबाट यस खण्डकाव्यको शीर्षक तथा नामाकरण सार्थक रहेको देखिन्छ ।

### ४.२ कथावस्तु विधान

पात्र र परिवेशको संसर्गमा घटित हुने कार्यव्यापार वा घटना विशेषलाई काव्यको कथा वस्तु वा विषयवस्तु भनिन्छ । खण्ड काव्यमा एउटै मात्र मुख्य विषयवस्तु हुन्छ । खण्डकाव्यमा मुख्य कथा वस्तुलाई प्रभावकारी बनाउन स-साना प्रसङ्गहरू पनि जोडिएका हुन्छन् । तर ती आफैँमा पूर्ण स्वतन्त्र हुदैन । खण्डकाव्यले विषयवस्तु वा कथा वस्तु ऐतिहासिक, पौराणिक, सामाजिक, लोकप्रसिद्ध वा बौद्धिक दर्शनसँग सम्बन्धित हुन्छ । यस खण्डकाव्यमा सङ्कलित ८ वटा गुम्फनहरू

रहेका छन् । जसलाई सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ । खण्डकाव्यको मूल विषयवस्तु वीरता, समर्पण, त्यागाधारित भूमि वा धरती हो । नेपाल भूमि अर्थात् नेपाल राष्ट्रसँग सम्बन्धित भई जीवनको प्रतीकात्मक व्याख्यानको कथा काव्यमा गरिएको छ । यस खण्डकाव्यमा व्याख्यान एकदमै झिनो छ वा पातलो देखिन्छ । व्याख्यानहीन भनेर पूरै व्याख्यानहीन नभएर व्याख्यानको जग यसमा बसालिएको छ । जीवनको उत्थान पतन, शक्ति, द्वन्द्व, पराक्रम, सार्वभौम चेतना, राष्ट्र चेतनाको विचार, विजय र पराजयमा सङ्केत, शासकीय प्रहार, दरबारिया शक्ति र षड्यन्त्र, मानवीयता, विवेक र विचार आदि लाई खण्डकाव्यको विषयवस्तु बनाइएको छ । बहुसङ्ख्यक मानिसहरूको पराक्रम, समर्पण र उत्सर्गबाट राष्ट्र जीवन्त हुने र त्यो हुन नसकेमा राष्ट्र धरापमा पर्ने कुरा, देश विकास हुनुपर्ने, देशको सौन्दर्य र सम्भावनाको उपयोग गर्नुपर्ने कुरा यस आएको छ । खण्डकाव्य लेख्ने क्रममा कविले सुरुमै सहिदहरूको देखाएको त्याग, समर्पण र वीरताले गर्दा नै देशमा यो स्थिति आएकोले उनीहरूले महत्त्वपूर्ण योगदान गरेका छन् । त्यसले कविको क्रान्तिप्रतिको धारणा र मुक्तिप्रतिको आस्था र दृढभाव व्यक्त भएको छ ।

खण्डकाव्यको पहिलो गुम्फनमा कविका विचारप्रष्ट रूपमा व्यक्त भएको पाइन्छ । यस गुम्फनमा देशलाई सुन्दर पार्नु पर्ने, विकसित पार्नु पर्ने र नेपालको गौरव गाथा विश्वमै उच्च पार्नु पर्ने धारणा व्यक्त भएको पाइन्छ । हिमालय पर्वतले वेष्ठित यो देश सुरम्य छ । यहाँका प्राकृतिक छटा, कला, कौशल पृथ्वीमण्डलभरिकै एक हो । नेपाल देशको नाम संसारभरि फैलिएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, विश्वमा शान्तिको सन्देश फैलाउने भगवान गौतम बुद्धको पावन भूमि लुम्बिनी नेपालमै पर्दछ । त्यति मात्र होइन संसारको सबैभन्दा पवित्र र स्वच्छ धराधाम मुक्तिनाथ, पशुपतिनाथ, स्वयम्भूनाथ यही छन् । नेपाल भूमिलाई गर्भमा सिञ्चित गर्ने हजारौ नदीनालाहरू बगिरहेका छन् । नेपाल विश्वमा नै जलस्रोतमा दोस्रो धनी देश हो जसबाट नेपालले ऊर्जा क्षेत्रमा विकास गर्न सक्छ । सबै किसिमले पावन भूमि यो देश कर्मयोगी र भक्तियोगीहरूको तपस्वी भूमि पनि हो । ज्ञानको मुहान शान्तिको उद्गम स्थल अठार पुराणका रचयिता वेदव्यासको जन्म स्थल, वेदको वीजभूमि नेपाल नै हो । संसारमै नपाइने वन्यजन्तुहरू सुगन्ध छर्ने कस्तुरी मृगहरू मृत ब्युँझाउने सञ्जीवनी बुटी, यार्सागुम्बा जस्ता महत्त्वपूर्ण जडीबुटीको खानी हरेक विविधताले भरिपूर्ण छ यो नेपाल भूमि हो । हरेक सौन्दर्य र सम्भाव्यताले भरिपूर्ण भएको यो देशको इतिहास सुनौला अक्षरले लेखिएको छ । यसको इतिहास लामो छ । हिमाल जस्तै अटल र अडिग छ । वीरताले भरिपूर्ण यहाँका मान्छेका इतिहासमा मानवता, विवेक र विचारको अपार भण्डार पनि छ । नेपाल यस्तै किसिमका सबै जनाको प्रिय फूलबारी पनि हो । जसलाई सबैले गोडमेल गरेर

त्यसमा सौन्दर्य भर्ने काम गरेका छन् । अन्याय, अत्याचार, भेदभाव, जातीय विभेद, विद्वेष, दासत्व आदिको जरा उखेलेर सम्बृद्ध राष्ट्रको विकासमा सब एकजुट भएर हातेमालो गर्दै अगाडि बढेमा देशको प्रगति हुन्छ । नेपालीले विश्वमा छहारी प्रदान गर्न सक्नुपर्छ । शरणमा पर्न आएकाहरूलाई मरणमा नपार्ने हाम्रो कर्तव्य, युद्धको विचारसँग गाँसिएको छ । हामीमा वीरताको भावना उठे पनि वैमनस्यताको भावना कहिल्यै उठेन । त्यही भावनामा मधुरस चाखेर सबै एकतामा बाँची सपन्नताशाली हुन सक्नु पर्ने भावना पाइन्छ ।

द्वितीय गुम्फनमा समय गतिशील, परिवर्तनशील छ । समयले मानिस मात्र होइन व्यक्ति, जाति, देश, गृह, नक्षत्र आदि सबैलाई घुमाउँछ । जसले समयलाई चिन्न सक्छ । समयको महत्त्वलाई बुझेर काम गर्न सक्छ, उसले सफलताको शिखर चुम्न सक्दछ । समयलाई खेर जान नदिने, समयको हरेक पललाई सदुपयोग गर्न सक्ने मानिसको जित हुन्छ । समयलाई कसैले आपफ्नो नियन्त्रणमा लिन सक्दैन । यो गतिशील छ । समयको यही वेगमा आफूलाई समाहित गर्दै लैजानु आवश्यक छ । समयलाई चिन्न नसक्ने, समयको गतिमा काम गर्न नसक्नेको हार हुन्छ । उसले जीवनमा सफलता प्राप्त गर्न सक्दैन । समय परिवर्तनका सन्दर्भमा कविले आदिम मातृतन्त्री युग, पितृसत्ता, दासप्रथा, जात-वर्ण आदिको द्वन्द्व, सामन्ती व्यवस्था, पुँजीवाद, समाजवाद आदिका साथै प्राचीन मान्यताका सत्य, त्रेता, द्वापर, कली आदिको पनि रेखाङ्कन गरेका छन् । समयले गर्दा कतिले सफलता चुमे, कतिले विनाशतिर धकेलिनु पर्‍यो, कतिले रसातलमा भासिनु पर्‍यो, कति धुलो भएर उड्नु पर्‍यो । समयले कति मानिसलाई देवता झैं बनाएको छ । सृष्टिको क्रम चलेको छ । चाहे मनुष्य यो घर्तीमा होस् नरहोस् सृष्टिको क्रम चलिरहन्छन् । समय आफ्नो अनन्त गतिमा घुमिरहन्छ । समय घुमाइको क्रम चलिरहन्छ । त्यो क्रममा विभिन्न ऋतुहरूको बन्धमा बाँधिनुपर्छ । त्यो ऋतुको बधाइँमा सुखदुःख, आनन्द, पीडा, हर्ष, खुसी आदिलाई ग्रहण गर्नुपर्छ भन्ने कुरा पाइन्छ ।

तृतीय गुम्फनमा यो संसार परिवर्तनशील छ । परिवर्तन सृष्टिको मूल आधार हो । कुनै पनि वस्तु वा चित्र स्थिर छैन । उत्पत्ति भएपछि त्यसमा विनास अवश्य जोडिएर आएको छ । हरेक कामको तिथिमिति हुन्छ त्यो पुगेपछि अन्त्य हुनुहुन्छ । युगको गति पनि स्थिर छैन । यो संसारमा कति युग परिवर्तन भइसके, कति सृष्टिको उत्पत्ति र विनाश भइसक्यो त्यसको लेखाजोखा छैन । चराचर जगत पनि त्यस्तै छ । प्राणीमा उत्पत्ति र विनाशका लीला धेरै पटक भइसक्यो त्यसको लेखाजोखा गरेर साध्यै छैन । यदि त्यो सत्यता शासकहरूले बुझ्ने हो भने उसको निरङ्कुशकताको अब मिति पुगिसक्यो । कुनै पनि शासकले आजको युगमा आई पुग्दा समेत गर्जने काम गर्छ ।

एकलौटी शासन गरेर जनताको हक अधिकार हनन गऱ्यो भने अब त्यो टिक्ने अवस्था छैन । इतिहासका हरेक पानाहरू पल्टाएर हेर्ने हो भने छर्लङ्ग हुन्छ । समय चक्रमा घटेका घटनाक्रम श्रृङ्खलाहरू जतिसुकै घमण्डका अग्ला चुचुराहरू उठे पनि आखिरमा समयको गतिसँगै पाताल भासिसकेका छन् । नारी जाति आदिम संस्कृतिको जन्मदाता मात्र होइन उनी त परिवारको जन्मदाता पालन पोषण गर्ने, सन्तानलाई उन्नतीको पथमा डोऱ्याउने, सन्तानको संरक्षण गर्ने आदि भइकन पनि आज मातृसत्तात्मक व्यवस्था छैन । नारीको हक अधिकार कुण्ठित बनेको छ । पितृसत्तात्मक राज चलेको छ । पुरुषभन्दा बढी कुरामा बढी जिम्मेवारी बहन गर्ने, बढी परिश्रम गर्ने महिलाहरू र शोषित पीडित हुनु परेको छ । पुरुषविना केही पनि हुन सक्दैन भनेर ढ्वाङ पिट्दै हिँड्ने कार्यले समाज पछाडि परेको छ ।

चतुर्थ गुम्फनमा कुनै पनि देशमा कुनै शासक र उसको एकलौटी शासन व्यवस्था चलेको छैन र त्यो चल्न पनि सक्दैन । त्यो त समय गतिमा र राजनीतिक चेतनाको आधारमा परिवर्तनशील भइरहन्छ । सयौं, हजारौं वर्ष देखिका किल्ला तोडिएका छन् । मिश्रमा हजारौ वर्षको किल्ला तोडिने क्रममा आर्य र अनार्य बीच ठूलो द्वन्द्व भएको थियो । जसमा अनार्य जातिलाई आर्यले लखेटेका थिए । सिन्धुमा पनि त्यस्तै सङ्घर्ष भएको थियो जसको परिणाम स्वरूप द्रविडी सभ्यताको गयो । आफनो जातीय सभ्यताको प्रदर्शन तथा संरक्षणको लागि सबैले सङ्घर्ष गरेकै हुन्छन् । किल्ला तोडिने क्रममा यस गुम्फनमा नेपाल मिश्र र द्रविडको उदाहरण दिएर नेपालको २४० वर्षको राजतन्त्रको पतनप्रति पनि सङ्केत गर्न खोजिएको पाइन्छ । नेपालमा राजतन्त्रको अवसान हुनुमा उसकै अहम्ता वा घमण्ड रहेको कुरालाई घुमाउरो पाराले व्यक्त गर्न खोजिएको छ । हामीले हाम्रो सभ्यतालाई सात समुन्द्र पारी जातीय गौरवको इतिहासलाई जीवन्त पार्नु परेको छ । नेपालीको र नेपालको सिङ्गै इतिहास बोकेको नेपाली झन्डालाई विश्वमा फहराउनुपर्ने आशय व्यक्त भएको छ । आज विज्ञानले जति विकास गरेको छ त्यसको स्रोत हाम्रो वेद नै हो । वेद ज्ञानको, वुद्धिको, शिक्षाको, विज्ञानको समेत मूल स्रोत हो । पूर्वीय चिन्तन शैली र पूर्वीय साहित्यबाट नै ज्ञान, विज्ञान, आयु, ज्योतिष, अन्तरीक्ष भू-गर्भ हस्तविज्ञान, आयुध हरेक कुराको विकास भएको हो । त्यसैले जबसम्म आकाशमा चन्द्र र सूर्य रहन्छन् तबसम्म हाम्रो जातिको गौरव गाथा र चिनारी विश्वमा नै रहिरहन्छ । यो देश भनेको युद्धवीर, दयावीर, ज्ञानवीर, दानवीरको जन्म भूमि हो ।

पञ्चम गुम्फनमा समय अनन्त गतिमा घुमिरेहको छ । समय बलवान र महत्त्वपूर्ण पनि छ । समयरूपी आकाशमा जसले पखेटा फिजाउन सक्छ उसले सफलता प्राप्त गर्न सक्छ । तर समयको गतिमा कोही पनि चलेको छैन र चल्न पनि सक्दैन । समयले धेरै कुराहरू बटुलेर पनि सम्भव छैन । समय चलिरहन्छ । परिवर्तनहरू भइरहन्छन् । यो निरपवाद छ । समयको अन्तरालमा धेरै तपस्वी, विचारक, वैज्ञानिक, दार्शनिक, महात्मा, चिन्तक अनि ठूला युगपुरुषहरूको आगमन र परागमन भइसकेका छन् । तर तिनीहरूको विचार वा सिद्धान्त बाँचिरहेकै छन् । यहाँ ज्ञान ओकल्ने विशाल वर पिपलका वृक्षहरू छन् । यसै वृक्षको छहारीमा धेरै तपस्वीहरूले ज्ञान आर्जन गरेर आफूलाई परमार्थ सेवामा लगाएका छन् । हामीलाई सधैभरि जीवनमा प्रेरणा भरी दिने ज्ञान, उब्जाइ दिने, साहित्यको मूल फुटाई दिने अग्ला सुन्दर सेता, हिम चुचुराहरू हाम्रै धर्तीमा चम्किरहेका छन् । माटो उर्वर छ, भूमि सरीताले सिञ्चित छ, छाँडा छहराहरू गाइरहेका छन् । यो धर्ती कहिल्यै पनि खाली हुन्न, उजाड तथा मरूभूमि हुने वाला छैन । हाम्रो पुस्तक भन्नु नै प्रकृतिको भण्डार हो । प्रकृति नै खुला किताब हो जसबाट ज्ञान विज्ञानका महत्त्वपूर्ण तथ्यहरूलाई टिप्न सक्छौ । भाषा त्यस्तै छ, नेपाली भाषा मधुर र लोकप्रिय छ । यहाँको वातावरणमा भाव खुल्छ, विचार बग्छ, बेदान्त बन्दछ । ऋषिमुनि, तपश्वीहरूको जमघट गराउँछ जनक, बुद्ध, गार्गी, यज्ञवल्क्य जस्ता महापुरुषहरू भू-स्वर्गका गौरव हुन् । तिनीहरूले गोर्खालीको मनलाई अझ सम्मानित बनाएको छ ।

षष्टम गुम्फनमा यस संसारमा जुन चिजको सिर्जना हुन्छ । त्यो अवश्य नै नाश हुन्छ । जन्मसँग मृत्यु सँगै वरण गरेर मानिसको उत्पत्ति भएको छ । स्थिर र स्थायीत्व कुनै पनि कुरामा छैन । संसारका पदार्थ नाशवान छ । प्रकृतिको नियम परिवर्तनशील छ । संसारमा जति पनि परिवर्तनहरू देखा पर्दछन् । त्यसमा प्रकृतिको नियम सम्मत देखिन्छ । यही परिवर्तनको चक्रमा ठूला ठूला वीरताहरू देशका निम्ति बलिदान भई ढले र गोराहरूको शासन संसारभर फैलिएको इतिहास अझै पनि ताजै छ । कहिल्यै पनि सूर्यास्त नहुने बेलायतको औपनिवेशवादी सामाज्यको घोर चपेटामा विश्व परेको बेला हाम्रो राष्ट्र स्वतन्त्र भएर फुलिरहेको थियो । कहिल्यै पनि कसैको औपनिवेश र दासत्व स्वीकार गर्नु नपरेको देशका वीर नेपालीहरूले आफ्नो अस्तित्व रक्षाको लागि वीरता प्रदर्शन गर्नु परेको थियो ।

सप्तम गुम्फनमा परिवर्तनको बाटोलाई कसैले छेकेर छेक्न सक्दैन । यदि कसैले परिवर्तनको बाटो छेक्न खोजेमा मान्छेले बरु मृत्युलाई अँगाल्न सक्छ तर परिवर्तनको दिशाबाट विमुख

हनु सक्दैन । जसरी फूलमा मधुर रस स्वभावैले उत्पादन भएको हुन्छ । वृक्षको चिनारी पातले गरे झै कर्मले पिता पुर्खाको इतिहासलाई बुझाउँछ । वीरताले भरिएको हाम्रा पुर्खाहरूको इतिहास छ । हामी बहादुर नेपालीहरूको वीर सन्तति हौं । हामीले हाम्रो किल्लाको रक्षाको लागि कहिले टिष्टा र कहिले महाकाली पारीका किल्लाहरूमा धावा बोल्नु परेको थियो । गोर्खालीहरूले यसरी नै आफनो देशको सार्वभौमिकताको रक्षा गर्नु परेको थियो । अव देश नीति पञ्चशीलका आधारमा हुनुपर्छ, देश ज्ञान, विज्ञान र विकासको गतिमा अघि सर्नु पर्ने र देशलाई सुन्दर ढङ्गबाट अगाडि बढाउनु पर्ने कुरामा जोड दिइएको पाइन्छ ।

अष्टम गुम्फनमा वीरहरू मृत्युदेखि डराउँदैनन् । उनीहरू हाँसी हाँसी मृत्युलाई वरण गर्न सक्छन् । सुख सयल र भौतिक सुख सुविधाभन्दा अलग भएर जीवनभर सङ्घर्षमय भएर लागि रहन्छन् । उनीहरूमा सङ्घर्षको भावभन्दा अलग हुनु कुरा केही पनि छैन । संसारको इतिहास हेर्ने हो भने सामन्ती युग अर्थात् सामन्ती राज्य सत्तामा पनि नयाँ प्रगतिको बाटो, खोजिरहेको थियो युगले । समयचक्रले गर्दा शोषणको जालो विस्तारै हट्दै गयो । पूर्वमा पुँजीवाद रहेन । यहाँ त प्रगतिवादले विस्तार हुने अवसर पायो । नेपाल राष्ट्रका जनता अर्थात् गोठाला, हली, किसान, मजदुर रैतीहरू नै राष्ट्रका शक्ति हुन् र तिनीहरू नै राष्ट्रिय समृद्धताका प्रतीक पनि हुन् भन्ने भाव पनि व्यक्त भएको देखिन्छ

यो संसारमा दोषमुक्त हुने चित्र केही पनि छैन । हेमन्तको याममा ढुङ्गामा लेउ लाग्दछ त्यसरी नै लामो सङ्घर्षको बाटोमा कष्टसाध्य अवश्य हुन्छ । त्यहाँ रातो कार्पेट वा मखमली कपडा विछ्याइएको हुँदैन । वीरका लागि सङ्घर्ष भन्ने कुरा आत्म गौरवको विषय हो । वीरकै त्याग र तपस्या वा लोकमा ख्याति चम्कन्छ । गरिब दुःखीहरूले आफू जिउनका लागि ठूलाठालुबाट हक अधिकारलाई खोस्नुपर्छ नत्र भने जीवनभर अन्याय र अत्याचारमा जीवन व्यतित गर्नुपर्छ । तर नेपालीले कहिल्यै पनि सामन्ती दासतामा बाँच्न परेन र त्यसको विरुद्धमा यहाँका जनताहरू लागि रहे । बरु उल्टै उनीहरूले हार खानु पऱ्यो । नेपालीहरू सुरो माथि उठाउँदै डटी रहे । सानो आकारका वीर नेपालीहरूले अनि धर्तीलाई बाँझो बनाएन । आफ्नो रगतले सिञ्चित गरी सुन्दर बनाए नेपाल आमालाई !

**४.३ पात्रविधान**

खण्डकाव्यको घटनाक्रम पात्रको माध्यमबाट घटित हुने गर्दछ । खण्डकाव्य कविताको व्याख्यात्मक स्वरूप भएकोले पात्र वा चरित्र प्रमुख रूपमा आउँछ । खण्डकाव्यमा कथा तत्त्वको नेतृत्व गर्ने तथा त्यसलाई प्रभावात्मक एवम् कला तथा सौन्दर्य प्रदान गर्ने प्रमुख भूमिका पात्रले नै गर्दछन् । वर्तमान सन्दर्भअनुसार शास्त्रीय मान्यताअनुसारको उदात्त गुणले युक्त क्षेत्रीय पात्र हुनुपर्छ भन्ने कुनै अनिवार्यता छैन र काव्यको पात्र मान्छे नै हुनुपर्छ भन्ने पनि छैन । कविले यथार्थ जीवनको स्वाभाविकता प्रस्तुत गर्ने कुनै पनि व्यक्ति वा वस्तुलाई पात्रका रूपमा उभ्याउन सक्छन् । यस हिसाबले पात्र पुरुष वा स्त्री, मानवीय वा मानवेत्तर स्थल वा सूक्ष्म मूर्त वा अमूर्त जुनसुकै किसिमको हुन सक्छ । प्रस्तुत खण्डकाव्यमा अमूर्त पात्रहरूलाई मानवीकरण गरेर देखाइएको छ ।

**समय पात्र (मानवीकरण गरेको)**

भगवानचन्द्र ज्ञवालीको 'वीरभूमि' खण्डकाव्यमा आख्यात्मकलाई धान्नका लागि मूर्तभन्दा पनि अमूर्त पात्रलाई जोड दिइएको छ । न्यून सङ्ख्यामा मूर्त पात्रहरूलाई र अधिक सङ्ख्यामा अमूर्त पात्रहरूलाई प्रयोग गरी तिनको माध्यमबाट कथानक अगाडि बढाईएको छ । मूलतः यस खण्डकाव्यमा अमूर्त पात्रहरूमा समय, प्रकृति, मृत्यु, ऋतु, धर्ती, सूर्य, चन्द्र, देवत्व, व्यास, सीता, बुद्ध, वीर, नेता, मालिक, सामन्त, हली, गोठाला आदि आएका छन् ।

यहाँ समयलाई एक अपार प्रपञ्च भनिएको छ । समयलाई अर्जुनको धनुवाणसँग तुलना गरिएको छ । समयको गतिमा कतिले सफलताको शिखर चुमे, कतिले संसारलाई नाप्ने काम गरे, कति माथि उठे, कति पछाडि परे । समय अपार छ । यसको महत्व ज्यादा छ । समय अन्तरालमा कति मानव देवतुल्य भए कति मानव दानव तुल्य भए त्यसको लेखाजोखा गरी साध्य छैन । समय बलबान छ । यसलाई कसैले छेकेर, रोकेर, आफ्नो वंशमा पार्न सक्दैन । समयकै गतिमा यो संसार, यो ब्रहमाण्ड चालेको छ । सबै युगहरू यसैको गतिमा चलेका छन् ।

समय घुम्छ सँगै ग्रहताराका

समय सम्भ्रम हुन्छ निवारक,

समय रूप अमूर्त पात्रको चित्रण गर्ने सन्दर्भमा माथिको पङ्क्तिलाई प्रस्तुत गरिएको हो । ब्रहमाण्ड, अन्तरिक्ष, तारा, नक्षत्रहरू सबै समयकै चक्रसँग घुम्छ । यो संसारमा समयविना चल्ने केही चिज पनि छैन । त्यसैले समयपात्रलाई यहाँ ज्ञवालीले प्रस्तुत गरेको पाइन्छ ।

**प्रकृति पात्र (मानवीकरण गरेको)**

वीरभूमि खण्डकाव्यमा कविले प्रकृति पात्रको चित्रण गरेका छन् । यो संसार विचित्रको छ । नाना रूप र रङ्गहरूले भरिएका छन् । सृष्टिको प्रथम सुरुवात यसैबाट भएको हो । यही प्रकृतिको काखमा खेलेर यही हराउँछौ । प्रकृतिले हामीलाई बचाएको छ । खेल्न र बाँच्न सिकाएको छ । त्यसैले प्रकृति अनमोल छ र महत्वपूर्ण छ । सिर्जना फुलाउने माटो र हावापानी यसैमा विकास भएको छ । प्रकृतिको जगमा सौन्दर्य छरिएको छ । प्राणीलाई सम्मोहनी लगाउने विचित्रको सौन्दर्य प्रकृतिसँग छ । विभिन्न ॠतुहरूको परिवर्तनसँगै आफनो रूपको परिचय दिन सक्षम छ । मानिसले यसैबाट प्रेरणा, ज्ञान, विज्ञान, भाषा, वुद्धि, विवेक अगाडि प्राप्त गरेका छन् । जीवनको अनन्त आवश्यकतालाई यसैबाट परिपूर्ति गरेका छन् । प्रकृतिलाई ईश्वर भनिएको छ । उत्पत्ति, पालन, पोषण र विनाश यसैमा अडिएको छ । जीवनको अस्तित्व युगौंयुगसम्म निरन्तर चलाउन र सृष्टिलाई कायम राख्न प्रकृति साँच्चै ईश्वर बनेर रहेको छ । यसै तथ्यलाई उजागर गर्न खण्डकाव्यमा प्रकृतिको चित्रण गरेको पाइन्छ ।

**मानव पात्र**

वीरभूमि खण्डकाव्यको मुख्य पाात्रमा मानव पात्र प्रमुख हो, सिर्जनाको र ज्ञानको अजस्र स्रोत मानव हो । सृष्टिलाई अनन्तसम्म चलाउने अभियान मानवमा निहित छ । धर्तीलाई सुन्दरता प्रदान गर्ने, देश विकास गर्ने, वस्तुको आविष्कार गर्ने, वैज्ञानिक सोच र चिन्तन प्रतिपादन गर्ने, साहित्य र दर्शनको विकास गर्ने, राम्रा पक्षका साथै धर्तीमा विनाश निम्त्याउने, सामन्तवाद लागु गर्ने, हिंसा हत्याउने गर्ने, नराम्रा सोच र धारणा राख्ने यस संसारका पात्र पनि मानव नै हुन् । यस्तै किसिमका पात्रहरूलाई कवि भगवानचन्द्र ज्ञवालीले आफना वीरभूमि खण्डकाव्यमा व्यक्त गरेको देखिन्छ । वास्तवमा वीर होस् या कायर धनी होस् वा गरिब, बलियो होस् कि कमजोर, मूर्खमा होस् या विद्वान सबै मानव पात्र भएर यस संसारमा आफ्नो पहिचान दिएका छन् । पुरुष, महिला, राजा, मन्त्री, साहित्यकार, चित्रकार, कलाकार, नेता, किसान, विद्यार्थी, शिक्षक, शोषक, सामन्त, कर्मचारी, समाजसेवी, वैज्ञानिक, दार्शनिक आदि मानवका अनेक पहिचान तथा रूपहरू हुन् वा छन् । मावन पात्रलाई चिनाउने क्रममा कवि लेख्छन् ।

मान्छेको चेतना फेरि खण्डखण्ड उकालियो
त्यै खण्डले नयाँ रङ्ग रूप राग जुटाइयो ॥

'वीरभूमि' तृतीय गुम्फन श्लोक ११, पृष्ठ २७

समग्रमा मानव खण्डकाव्यको चेतनशील पात्र हो ।

**मृत्यु पात्र**

मृत्यु शास्वत छ । हरेक प्राणीले जन्मसँगै मृत्युलाई पनि ग्रहण गरेको हुन्छ । मृत्यु सबैभन्दा बलवान तत्त्व हो । यसलाई जित्न कसैले सक्दैन । सबैले यसको अनिवार्यता स्वीकार्नु बाध्यता छ । यो संसारमा जन्मेदेखि कोही पनि स्थायी रूपमा यस धर्तीमा रहँदैनन् । मृत्युको बाटोमा सबै लाग्नु पर्दछ । मर्नु त अवश्य पर्दछ । व्यक्तिको सामान्य मृत्यु त सबैको हुन्छ तर मरेर पनि जसको नाम चलिरहन्छ । जसको मृत्यु विशिष्ट हुन्छ वास्तवमा त्यो नै अमर हो । अमरत्व प्राप्त गर्न आफनो जीनवमा केही न केही गर्न आवश्यक छ । यो संसार परिवर्तनशील छ । परिवर्तनको बाटोमा घुमिफिरी मानिस जीवनको अनन्त यात्रामा जान बाध्य हुन्छ । सिर्जनामा नाश निश्चित छ । नाशमा सिर्जनाको फेरि सुरुवात हुन्छ । सिर्जना र विनाश, जन्म र मृत्यु, उन्नति र अवनति, उत्पत्ति र प्रलय सृष्टिका क्रममा भइरहने तत्त्वहरू हुन् । यो संसारमा यस्ता सृष्टि र विनाशका जन्म र मृत्युका चक्र कति पटक भयो भनेर कल्पनासम्म गर्न सकिन्छ । कल्प कल्पान्तरसम्म यो क्रम चलिरहन्छ । जबसम्म ब्रम्हाण्ड र प्रकृतिको अस्तित्व रहन्छ तबसम्म यो क्रम चलिरहन्छ ।

'वीरभूमि' खण्डकाव्यमा यिनै अमूर्त पात्रहरूलाई मानवीकरण गरेर पात्रको चित्रण गरेको पाइन्छ । मानव जीवनका पक्षमा आएका र प्रयोग भएका अमूर्त तत्त्वहरूलाई पनि सार्थक ढङ्गमा त्यसलाई मानवीकरण गरेको देखिन्छ । समय मानिसको जीवनमा आउने अमूर्त चिज हो । मृत्यु, प्रकृति, ऋतु परिवर्तन, वीरत्व, बुद्धत्व सामन्त किसान, हली, गोठाला, क्रान्तिकारीहरू आदिलाई पात्रको रूपमा चित्रण गरिएको पाइन्छ ।

## ४.४ भावभूमि

नेपालको सौन्दर्यको शोभा यस विधामा पाइन्छ । नेपाल नामले दस दिशातिर यहाँको शोभाको यशोगान भएको देखिन्छ । हिमालदेखि इलावर्तसम्म कीर्ति राख्न सक्षम नेपाल भूमि भूलोर्कको मुक्तिधाम सँग दाँजिएको छ । यहाँ वीर र वीराङ्गनाहरूको यशोगान गाइएको छ । वीरताको गाथा गाइएको पाइन्छ । विश्वको सर्वोच्च शिखर, छाँगा र छहराको सौन्दर्य चित्रण गरेको पाइन्छ । विभिन्न धार्मिक तथा ऐतिहासिक सम्पदाको भक्तिभाव पाइन्छ । योगी तपस्वीहरूले तपस्या

गरेको यो पवित्र स्थल संसारकै अद्वितीय ठाउँ हो भनेर व्याख्या गरेको पाइन्छ । सभ्यताको पहिलो मुहान, शान्तिको उदगम स्थल, सांस्कृतिक र सभ्यताले विकसित मानिन्छ ।

समय चक्रको महत्त्वलाई प्रस्तुत गरिएको पाइन्छ । समय अत्यन्त बलवान छ । समयलाई सदुपयोग गर्ने मानिसहरू प्रगति पथमा उकलन्छन् र यसलाई प्रयोग गर्न नसक्नेहरू सधैं पछाडि पर्दछन् भन्ने भाव पनि यसमा पाइन्छ । समयले सहकाल बनाउँछ, यदि समय व्यर्थ भए अनिकाल ल्याउँछ । समयको गतिमा विकास र विनाश भएको यथार्थता यस काव्यमा व्यक्त भएको पाइन्छ । कुनै पनि युगको गति स्थिर हुँदैन । सम्पूर्ण चराचरको अवस्थामा पनि त्यस्तै छ । मिति पुगेपछि सबै चिजको नाश अवस्था हुन्छ । समय पुगेपछि ढुङ्गा पनि फुट्छ, धर्तीमा पहिरो जान्छ । त्यस्तै गरेर मिति पुगेपछि निरङ्कुश शासकको पनि गर्जने दिन सकिन्छ । यी सधैं कुराको विवरण इतिहासले सुनाउँछ । इतिहास साक्षी छ जसले विगतका यथार्थ विवरणलाई प्रस्तुत गर्दछ ।

समय परिवर्तनमा सन्दर्भमा कविले आदिम मातृतन्त्री युग, पितृसत्ता, दास प्रथा, जात वर्ण आदिको द्वन्द्व, सामन्ती व्यवस्था, समाजवाद, पुँजीवाद आदिका साथै प्राचिन मान्यताका सत्य, त्रेता, द्वापर, कली आदिको रेखाङ्कन गरेका छन् । भौगोलिक परिस्थितिले बनेको सेतो र कालो वर्णका मानिसको भ्रमपूर्ण द्वन्द्व, एउटै देश र जातिभित्र पनि मालिक र दास, सामन्त र गरिब किसान, पुँजीपति र मजदुर बीचको चर्को द्वन्द्व, भौगोलिक भिन्नताले जन्माएको द्वन्द्व आदि धेरै कुराको चित्रण भाव भूमिको रूपमा पाइन्छ । बुद्ध र युद्धको द्वन्द्व, ज्ञान र अज्ञानको द्वन्द्व पनि यसमा पाइन्छ ।

वीरभूमि खण्डकाव्यको मूल विषयवस्तु वीरता, समर्पण र त्यागाधारित भूमि वा धरती हो । नेपाल देशसँग सम्बन्धित भइ जीवनको प्रतीकात्मक आख्यानको कथन काव्यमा गरिएको छ । यसमा आख्यान एकदमै झिनो छ । यसमा आख्यान क्षीण छ । जीवनको उत्थान र पतन, शक्ति महता र पराक्रमको टुक्राटाक्री, सार्वभौम चेतना र राष्ट्र चेतनाको विचार, विजय र पराजयका सङ्केत आदिलाई काव्यको विषय बनाइएको पाइन्छ ।

खण्डकाव्यमा सामन्त शासकहरूको जय, पराजय र तिनले जनता माथि गरेका अपराध कार्यको चित्रण गरिएको पाइन्छ । वीरता र क्रान्तिले गर्दा नै नेपाल राष्ट्रको स्वाधीनता संरक्षित भएको कुरा पाइन्छ । नेपाल राष्ट्रका जनता अर्थात हली, गोठाला, किसान, मजदुर र रैतीहरू नै

राष्ट्रका शक्ति हुन् । काव्यकारले देशको अवस्थासँगै आदिम युगका राजनीतिक आर्थिक र सामाजिक स्थिति र परिवर्तित हुँदै गएको अवस्था एवं मानिसका वीरतापूर्ण कार्य भावभूमिको रूपमा रहेको छ । काव्यमा आर्य अनार्य बीचका द्वन्द, सभ्यताहरूको उत्थान पतन, दास युग र सामन्त युग आदिलाई प्रस्तुत गरेको पाइन्छ । काव्यमा सामन्त शासकहरूको जय, पराजय र तिनले जनतामाथि गरेका अपराध कर्मको पनि कलात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.५ उद्देश्य

वीर तथा विरङ्गानाहरूको देश जसले साम्राज्यवादसँग जुधेर स्वतन्त्र नेपाल निर्माण गर्ने वीरताको गाथाले भरिएको, देशका जनताले पीडा, दुःख र अभाव भोग्नु परेको तीतो यथार्थताको उद्घाटन गर्ने कामको प्रस्तुति भएको पाइन्छ । नेपाल भूमि विश्वमै सुन्दरताले भरिएको संसार भरमा पाइने सबै किसिमका प्राकृतिक विचित्रको चित्रण पनि यसमा भरिएको छ । संसारमा शान्तिको सन्देश छर्ने भगवान गौतम बुद्ध, ज्ञानको सन्देश छर्ने जनक, सीता, भृकुटी, जस्ता आदर्श नारीहरू जसले विश्वकै समग्र नारीहरूलाई आदर्शको पाठ सिकाएका छन् । ती सबैको यथार्थ चित्रण गर्ने उद्देश्यले यो खण्डकाव्यको रचना भएको पाइन्छ । अब अतीत जपेर मात्र देशको उन्नति हुन सक्दैन । श्रमजीवी र देश भक्त जनता मिलेर अथक परिश्रम गर्न सकेको खण्डमा मात्र देशको विकास र जनताको उन्नति सम्भव छ भन्ने यथार्थलाई प्रस्तुत गर्न पनि खण्डकाव्यको मुख्य उद्देश्य रहेको पाइन्छ । सामन्तवादसँगै जुधेर नयाँ व्यवस्थाको स्थापना गर्न सधै एकजुट हुनुपर्ने वास्तविकतालाई पनि उजागर गर्ने हेतु यस पाइन्छ ।

### ४.६ सर्गयोजना

वीरभूमि खण्डकाव्यमा जम्मा आठ गुम्फन छन् । यसलाई नै सर्गका रूपमा लिन सकिन्छ । यस खण्डकाव्यको प्रथम गुम्फनमा ११६ श्लोक, द्वितीय गुम्फनमा १२० श्लोक, तृतीय गुम्फनमा ६२ श्लोक, चतुर्थ गुम्फनमा ६४ श्लोक, पञ्चम गुम्फनमा ४८ श्लोक, षष्ठम गुम्फनमा ६८ श्लोक, सप्तम गुम्फन ४३ श्लोक, अष्टम गुम्फनमा ६४ श्लोक गरी जम्मा ८७६ श्लोक रहेका छन् । झिनो व्याख्यान प्रस्तुत खण्डकाव्यको प्रत्येक गुम्फनमा विषयवस्तु अलग रहेको पाइन्छ । प्रथम गुम्फनमा नेपालको प्राकृतिक सौन्दर्य छटाको वर्णनका साथै प्रमुख पवित्र धामहरूको महिमा ज्ञान दिएको पाइन्छ । द्वितीय गुम्फनमा समय चक्रको नियमलाई प्रस्तुत गरिएको छ । तृतीय र चतुर्थ गुम्फनमा शासक र शासन व्यवस्थाको परिपाटीलाई देखाउन खोजिएको पाइन्छ । पञ्चम र

षष्ठम गुम्फनमा मानिसका आफ्ना सिर्जनाले फुलाएको विकास तथा विचारको प्रस्तुति पाइन्छ । सप्तम र अष्टम गुम्फनमा व्यवस्था र त्यसले निम्त्याएको अवस्थाको चित्रण पाइन्छ ।

## ४.७ कथन पद्धति

काव्यमा कवि स्वयम् उभिएर केही कुरा व्यक्त गरे यो कवि प्रौढोक्ति कथन पद्धति हुन्छ भने अरु कुनै पात्रका माध्यमबाट कुरा व्यक्त गर्न लगाए कवि निबद्ध प्रढौक्ति कथन पद्धति हुन्छ । वीर भूमि खण्डकाव्यमा कवि प्रढौक्ति कथन पद्धतिमा आधारित छ । यसमा कविले स्वयम् उभिएर केही कुरा व्यक्त गरेका छन् । यस खण्डकाव्यमा अमूर्त पत्रहरूको प्रयोग भएको पाइन्छ । समय, सिर्जना शासक, निमुखा जनता आदिका माध्यमद्वारा प्रस्तुत गराएर प्रथम पुरुष कथन पद्धतिको प्रयोग गरेका छन् ।

## ४.८ अलङ्कार विधान

अलङ्कार काव्यको गहना हो । यसले काव्यको सौन्दर्य बढाउँछ । काव्यमा भाषा शैलीलाई आकर्षक बनाउन अभिव्यक्तिलाई सुन्दर पार्न भावलाई उचाईमा पुऱ्याउन कुनै कुरालाई व्यञ्जनात्मक रूपमा प्रस्तुत गर्न काव्यमा अलङ्कारको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रस्तुत 'वीरभूमि' खण्डकाव्यमा पनि अलङ्कारको यथोचित प्रयोग भएको पाइन्छ । यस काव्यमा भएका शब्दालङ्कार र अर्थलङ्कारले काव्यको बाह्य सौन्दर्यको अभिवृद्धि गर्नुका साथै अर्थमा पनि चमत्कार उत्पन्न गराएको छ ।

शब्दालङ्कारमा प्रायः सम ध्वनि, वर्णन तथा पदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पन्न गरिन्छ । शब्दालङ्कार मूलतः भाषिक चमत्कारको साधन हो । प्रस्तुत काव्यमा शब्दालङ्कार अन्तर्गत अनुदानका विविध भेदहरू प्रयोग हुन आएको देखिन्छ ।

(क) वृत्यानुप्रास (एकै वर्णको दुई भन्दा धेरै पटक आवृत्ति हुन्छ ।

जस्ले जान्न अझै छ बाँकी जगको उल्टो र सुल्टा गति

जस्ले फेर्न अझै छ बाँकी मनको पर्दा मलिनो मति

(अष्टम गुम्फन, श्लोक ३४ पृ ४६)

(ख) छेकाउनुप्रास (वर्णको एकपटक मात्र आवृत्ति हुन्छ ।

मेरो देश मलाई दुःख सुखको यौटै र सिङ्गै घर ।

सारा बान्धब बन्धु हुन् मुलुकका जे जात जे हुन थर ।

(पञ्चम गुम्फना, श्लोक ३० पृष्ठ ३५)

## ४.९ छन्द वा लय विधान

प्रस्तुत खण्डकाव्यमा उपजाति, इन्दवज्रा, द्रुतविलम्बित, अनुष्टुप, शार्दूलविक्रीडित, बसन्ततिलका, शिखरिणाी, स्रग्धरा, पञ्चचामर, मालिनी, भुजङ्गप्रयात, उपेन्द्रवज्रा, आदि छन्दको प्रयोग भएको छ ।

४.९.१ उपजाति छन्द संयुक्त छन्द हो । यो ११ अक्षर मिलेर बनेको हुन्छ । यस छन्दमा इन्दवज्रा छन्द र उपेन्द्रवज्रा छन्दको मिश्रण हुन्छ । इन्दबज्रा छन्द तगण+तगण+जगज दुई दीर्घ अक्षर मिले बनेको हुन्छ ।

लक्षण

| त | त | ज | ऽऽ | इन्द्रबज्र |
|---|---|---|---|---|
| ऽऽ। | ऽऽ। | ।ऽ। | ऽऽ | |

| ज | त | ज | ऽऽ | उपेन्द्र बज्रा |
|---|---|---|---|---|
| ।ऽ। | ऽऽ। | ।ऽ। | ऽऽ | |

उदाहरणः

खाने र प्युने गृहय कार्य सारा
सन्तान संरक्षण आदि भार,
हुँदा छुटे बाहिरी कार्य उन्का
सत्ता भयो पित्तृ समाज हात ॥

### ४.९.२ द्रुतविलम्बित

यो १२ अक्षर मिलेर बनेको छन्द हो । यसमा नगण, भगण, भगण, रगण हुन्छ र ७ मा विश्राम हुन्छ ।

| न | भ | भ | र | |
|---|---|---|---|---|
| ǀǀǀ | ऽǀǀ | ऽǀǀ | ऽǀऽ | |

उदाहरण:

समयवृन्त घुम्यो जगराजको

पथित खेचर घाम एकालियो

अरुण देव प्रकाश फिजाउँदै

जगतभित्र स्वयं अगुवा बने ।

### ४.९.३ अनुष्टुप

यसमा चार चरण हुन्छन् । चारै चरणमा आठ-आठ अक्षर हुन्छन् । सबै चरणमा पाँचौ तथा छैठौ गुरु, अनि पहिलो र तेस्रोमा सातौँ गुरु तथा दोस्रो र चौथोमा सातौँ लघु हुनुपर्छ ।

| पाउ सङ्ख्या | अक्षरको गणना | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | स | ह | स्रौ | बर्र | ष । | काऽ | किल्ऽ | ला |
| २. | तो | डि | ए | मि | श्र । | माऽ | प । | नि |
| ३. | अ | नार्र | य | जा | ति । | लाऽ | ईऽ | नै |
| ४. | ल | खे | टे | आर्र | य । | लेऽ | अ । | नि |

### ४.९.३ शार्दूलविक्रीडित

यो १९ अक्षर मिलेर बनेको छन्द हो । यसमा मगण, सगण, जगण, सगण, तगण, तगण, गुरु हुन्छ र ७-१२ मा विश्राम हुन्छ ।

| म | स | ज | स | त | त | गु |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

सारङ्गीसितको अगाध ममता यै गीतमा भर्छु म

त्यै गाईकन प्रीतको सरसिलो आलोक छर्दिन्छु म ।

### ४.९.४ वसन्ततिलका

यो १४ अक्षर मिलेर बनेको छन्द हो । यसमा तगण, भगण, जगण, गुरु २ हुन्छ र ८ अक्षरमा विश्राम हुन्छ ।

| त | भ | ज | ज | गुरु २ |
|---|---|---|---|---|
| ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽऽ |

उदाहरण : जो छन् परत्र सुखका जति दिव्य बाटा

पैलाउने जति भए यस धर्तीबाट

गुप्तेश, भैरव, बुढा नवमालिकाले

छर्दै रहे जनक ज्ञान स्वयं प्रभाले ॥

### ४.९.५ शिखरिणी

यो १७ अक्षर मिलेर बनेको छन्द हो । यसमा यगण, मगण, नगण, सगण, भगण ल गु हुन्छ र ६ र ११ मा विश्राम हुन्छ ।

| य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|
| ISS | SSS | III | IIS | SII | I | S |

उदाहरण : खरानीको चुल्ठो तलतिर लतारेर नगमा

उमा झर्छिन् वाचा लिई शिखरका सान्ध्य पथमा

सबैका ढोकामा पिलपिल टुकी छाडी रहमा

निदाएनन् भन्दै रवि पनि गए क्लान्त पथमा ॥

### ४.९.६ स्रग्धरा

यो २१ अक्षर मिलेर बनेको छन्द हो । यसमा मगण, रगण, भगण, नगण, भगण, यगण ७-१४ विश्राम हुन्छ ।

| म | र | भ | न | य | य | य |
|---|---|---|---|---|---|---|
| SSS | SIS | SII | III | ISS | ISS | ISS |

उदारण

कर्णाली सप्तकोशी अविरल बहने गण्डकी मध्यवर्ती

मेची काली पखाली वरपर गदला भर्न पियूष वर्षी

(पञ्चम गुम्फन पृष्ठ ३८)

### ४.९.७ पञ्चचामर

यो १६ अक्षर मिलेर बनेको छन्द हो । यसमा जगण, रगण, गण, रगण, जगज गुरु मिलेर बनेको हुन्छ ।

| ज | र | ज | र | ज | गु |
|---|---|---|---|---|---|
| ISI | SIS | ISI | SIS | ISI | S |

उदाहरण

विदेश नीति लोकको बनोस पञ्चशीलमा ।

विकास ज्ञान शिल्पमा हिमाल भालखण्डमा

(षष्टम गुम्फन पृ. ४२)

### ४.९.८ मालिनी

यो १५ अक्षर मिलेर बनेको शब्द हो । यसमा नगण, नगण, मगण, यगण, यगज हुन्छ र अक्षरमा विश्राम हुन्छ ।

| न | न | म | य | य |
|---|---|---|---|---|
| ||| | ||| | ऽऽऽ | ।ऽऽ | ।ऽऽ |

उदाहरण :

पद दलित भएका हिन्दु तीर्थावलीको ।

सहजसित बनेको लोक श्रद्धा हरायो ।

अपदलित जो छन् तीर्थ नेपालमा छन् ।

अब त निखित यौटै केन्द्र नेपाल हो भन् ॥

### ४.९.९ भुजङ्गप्रयात

यो १२ अक्षर मिलेर बनेको छन्द हो । यसमा यगण, यगण, यगण, यगण, मिलेर बनेको छ ।

| य | य | य | य |
|---|---|---|---|
| ।ऽऽ | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

उदाहरण :

कथा कल्पनाका नजोडे छँदामा

जरा मन्त्रद्वार नछापे धरामा

विचारी फटाहाहरूका गलामा रहे ।

रहेधर्म ढल्थ्यो जरैबाट ड्याम्म ।

# परिच्छेद : पाँच

## मूल्याङ्कन र उपसंहार

### ५.१ मूल्याङ्न

साहित्यकार भगवानचन्द्र ज्ञवाली (२०१३) को जीवनी व्यक्तित्व र हालसम्मको साहित्यिक रचनाहरूको मूल्याङ्कन गर्नुपर्दा उनको जीवन सङ्घर्षमय रूपमा अगाडि बढेको देखिन्छ । 'वीरभूमि' खण्डकाव्यका लेखक काव्यकार ज्ञवाली प्रगतिवादी साहित्यकारको रूपमा कलम चलाउने व्यक्तित्वका रूपमा स्थापित भएको देखिन्छ ।

साहित्यिक व्यक्तित्वका रूपमा ज्ञवालीलाई नियाल्दा विविध साहित्यिक विधामा कलम चलाउने उनी नाटककार, कवि, निवन्धकार, कथाकार, समालोचक, अनुवादक र सम्पादक र राजनीतिक बहुमुखी प्रतिभाका धनी व्यक्तित्वका रूपमा परिचित छन् । १० वर्षको उमेरमा मातृशोकमा परेका ज्ञवालीले 'आमा खोई ?' नामक कविता लेखर नेपाली साहित्य लेखनमा प्रवेश गरेका उनको साहित्य व्यक्तित्वले अहिले पाँच दशक पूरा गरिसकेको छ । साहित्यकार ज्ञवालीको पहिलो प्रकाशित कविता 'सपना' (हरिद्वार छात्र सङ्घको मुखपत्र सगरमाथा पत्रिका, २०२५) हो । प्रारम्भिक समयमा पद्यमा कविता रचना गर्ने कवि ज्ञवालीले 'बादल' (नवस्रष्टा पत्रिका, २०४८) एकाङ्कीमार्फत गद्य साहित्यको क्षेत्रमा अगाडि बढेको देखिन्छ । उनले प्रशस्त फुटकर कविता, कथा, निवन्ध, नाटक, एकाङ्ककी, खण्डकाव्यमा कलम चलाएका छन् भने उनका केही कृतिहरू अप्रकाशित वा प्रकाशोन्मुख अवस्थामा छन् । उनले लेखेका साहित्यिक कृतिहरूमा दोभान, कथासङ्ग्रह (२०६१), जब मरेकाहरू ब्यूँझन्छन् नाटक (२०६२), आर्किमिडिजको जीवनी ( २०६३), विश्वचर्चित उपन्यासहरूको कथासार (२०६४), मार्क्स र माओ अनुवाद (२०६४), असामान्य मनोविज्ञान (२०६२), चीनको आवधिक इतिहास (२०६९), वीरभूमि खण्डकाव्य ( २०७०), समालोचना सङ्ग्रह (२०६८), हुन् भने प्रकाशोन्मुख अवस्थाका कृतिहरूमा फुटकर कविता सङ्ग्रह, गर्हित उपन्यास, दुई सन्तानको कथा, समालोचना सङ्ग्रह आदि हुन् । उनको एक मात्र प्रकाशित खण्डकाव्यको रूपमा वीरभूमि (२०७०) रहेको छ । यसै खण्डकाव्यको माध्यमबाट उनी खण्डकाव्यकरका रूपमा चिनिएका छन् । अत : काव्यकार भगवानचन्द्र ज्ञवालीको एक 'वीरभूमि' खण्डकाव्यको विविध कोणबाट अध्ययन विश्लेषण गर्ने क्रममा प्रस्तुत शोध प्रबन्ध तयार हुन पुगेको छ ।

प्रस्तुत शोधपत्र काव्यकार भगवानचन्द्र ज्ञवालीको 'वीरभूमि' खण्डकाव्यलाई मूल आधार बनाएर त्यसको अध्ययन विश्लेषमा केन्द्रित भएको छ । कथाकार, खण्डकाव्यकार, निवन्धकारका रूपमा उनको मूल्याङ्कन गर्नु पर्दा मनोवैज्ञानिक साहित्यकारका रूपमा प्रस्तुत हुन्छन् । सामान्य, असामान्य, यौन मनोविज्ञान जस्ता मनोविज्ञानका विविध क्षेत्रलाई आधार मानेर सामाजिक विषयवस्तु, बहुलपात्र, अमूर्त पात्र र परिवेशको प्रयोग गर्न उनी सफल देखिन्छन् । भगवानचन्द्र ज्ञवाली प्रगतिवादी धारा तथा मार्क्सवादी धाराका चिन्तक हुन् । उनका खण्डकाव्यमा प्रगतिवादी तथा मार्क्सवादी भौतिकवादी चिन्तन पाइन्छ । 'वीरभूमि' खण्डकाव्यको विश्लेषण गर्दा ज्ञवालीले देशको अवस्थासँगै आदिम युगका राजनीतिक, आर्थिक र सामाजिक स्थिति र परिवर्तित हुँदै गएको अवस्था विशेषलाई एवं मानिसका वीरतापूर्ण र यशस्वितापूर्ण कार्यलाई छन्दोबद्ध रूपमा अङ्कन गर्नु भएको छ । खण्डकाव्यमा आर्य अनार्यका द्वन्द्व, सभ्यताहरूको उत्थान पतन, दास युग र सामन्त युग, स्वर्ग र नरकका उपाख्यानालाई कविता कलाबाट सिँगार्दै नेपाल भूमिको गुणगान गाइएको छ । सामन्त वर्गका जय, पराजय र तिनले जनतामाथि गरेका अपराध कर्मको वर्णन गरेको पाइन्छ । नेपाली र यसका निर्माताको यशोगान गाउनुका साथै राष्ट्र उन्नतिको कामना काव्यमा उच्च रूपमा रहेको देखिन्छ । यस खण्डकाव्यमा शास्त्रीय लयमा विविधता हुनु, विषयमा नवीनता रहनु र अलङ्कारलाई भित्र्याउनु, भाव भाषाको सम्मिलन हुनु, न्याय र समतामूलक राष्ट्र निर्माणको भावधारालाई अँगाल्नु कविता कलालाई काव्यात्मक रूप दिनु काव्यगत विशेषता रहेका छन् ।

प्रस्तुत खण्डमा शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ । यस क्रममा पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । त्यस अन्तर्गत शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, शोध कार्यको सीमाङ्कन, शोध विधि, शोध पत्रको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विकास प्रक्रियाको मूल्याङ्कन गरिएको छ । यसमा साहित्यको एक विधाका रूपमा कविता, कविताको रूप, (लघुतम रूप, लघुरूप, खण्डकाव्य, महाकाव्य) खण्डकाव्य सिद्धान्त र परिचय, खण्डकाव्यको परिभाषा, खण्डकाव्यका तत्त्वहरू (कथावस्तु/विषयवस्तु, पात्र वा चरित्र, परिवेश, मूलभाव वा केन्द्रीय कथ्य, भाषाशैली, लय, कथन पद्धति, अलङ्कार विम्ब र प्रतीक विधान), नेपाली खण्डकाव्यको विकासक्रम (प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल) को समीक्षा गरिएको छ । तेस्रो परिच्छेदमा भगवान चन्द्र ज्ञवालीको जीवनी र व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ । यस क्रममा जन्म र

जन्मस्थान, बाल्यकाल, शिक्षा, बसोबास, व्यवसायिक जीवन, भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व, निजी व्यक्तित्व, साहित्यिक व्यक्तित्व, कथाकार व्यक्तित्व, नाटककार व्यक्तित्व, कवि व्यक्तित्व, सम्पादक व्यक्तित्व, समालोचक व्यक्तित्व, अनुवादक व्यक्तित्व, साहित्येतर व्यक्तित्व, जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध, भगवानचन्द्र ज्ञवालीको कृतित्वको अध्ययन कृतिहरूको परिचय र वर्गीकरण, प्रकाशित तथा अप्रकाशित कृतिहरूको समीक्षा गरिएको छ ।

त्यस्तैगरी चौंथो परिच्छेदमा शीर्षक विधान, कथावस्तु विधान, पात्रविधान, भावभूमि, उद्देश्य, सर्गयोजना, कथन पद्धति, अलङ्कार विधान, छन्द वा लय विधानको रूपरेखा रहेका छन् ।

पाँचौ परिच्छेदको मूल्याङ्कन शीर्षक अन्तर्गत भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व कृतित्वको मूल्याङ्कनका आधारमा साहित्यमा उनको खोजी गरिएको छ ।

# सन्दर्भ सामग्री सूची

**(क) सन्दर्भ पुस्तक सूची**

अवस्थी, महादेव, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता काठमाडौं : एकता बुक्स डिस्टिव्यूटर्स, २०६१ ।

आचार्य, बाबुराम, पुराना कवि र कविता (ते.सं.) काठमाडौं, साझा प्रकाशन, २०५० ।

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त (दो.सं.) काठमाडौं : साझा प्रकाशन, २०४८ ।

.................... , साहित्य प्रकाशन, चौ.सं., काठमाडौं : साझा प्रकाशन, २०४४ ।

गुप्त, अभिनव, ध्वन्यावलोक लोचन टीका, वाराणसी : चौखम्बा विधाभवन, २०२१ ।

ज्ञवाली, भगवानचन्द्र, जब मरेकाहरू ब्युँझन्छन्, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६१ ।

.................... , दोभान, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६१ ।

...................., असामान्य मनोविज्ञान परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

...................., मार्क्सदेखि माओत्सेतुङसम्म काठमाडौं : विविध पुस्तक भण्डार, २०६३ ।

...................., आधुनिक चीनको आवधिक इतिहास, काठमाडौं : ऐरावती प्रकाशन, २०६४ ।

...................., विश्वचर्चित पश्चिमेली उपन्यासको कथासार, काठमाडौं : नवदीप प्रकाशन प्रा.लि., २०६४ ।

...................., यात्रा समालोचनाको, काठमाडौं स्वदेश प्रकाशन प्रा.लि., २०६८ ।

...................., वीरभूमि काठमाडौं स्वदेश प्रकाशन प्रा.लि., २०७० ।

जोशी, कुमारबहादुर, कविता चर्चा, काठमाडौं : साझा प्रकाशन, २०४० ।

ढुङ्गाना, लावण्यप्रसाद र अन्य, खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य, काठमाडौं : भुँडीपुराण, ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), नेपाली कविता भाग ४, काठमाडौं : साझा प्रकाशन, २०४६ ।

...................., पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, (ते.सं.) काठमाडौं : साझा प्रकाशन, २०४८ ।

थापा, मोहन हिमांशु, साहित्य परिचय, (चौ.सं.) काठमाडौं : साझा प्रकाशन, २०५० ।

न्यौपाने, टङ्कप्रसाद, साहित्यको रूपरेखा, काठमाडौं : साझा प्रकाशन, २०३८ ।

पोखरेल, भानुभक्त, सिद्धान्त र साहित्य, विराटनगर : मुकुन्द शर्मा, २०४० ।

पराजुली, कृष्णप्रसाद, राम्रो रचना मीठो नेपाली (वि.स.), काठमाडौं : सहयोगी प्रेस, २०५४ ।

भामह, काव्यालङ्कार, पटना विहार, राष्ट्रभाषा परिषद्, २०४६ ।

लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौं : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, सोमनाथ, साहित्य प्रदिप (प्र.सं.) काठमाडौं : नेपाल एकेडेमी, २०१६ ।

शर्मा, मोहनराज, शैली विज्ञान, काठमाडौं : ने.रा.प्र.प्र., २०४८ ।

शर्मा, बालचन्द्र, नेपाली शब्दकोश, (चौ.सं.) काठमाडौं : साझा प्रकाशन, २०१६ ।

**(ख) सन्दर्भ शोधग्रन्थ सूची**

थापा, सविता, भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६९ ।

बजगाई, तारा, जब मरेकाहरू ब्यूँझन्छन् नाटकको कृतिपरक अध्ययन स्नातकोत्तर शोधपत्र रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौं, २०७० ।

पौडेल, झलकराज, सौरी खण्डकाव्यको कृतिपरक अधययन स्नातकोत्तर शोधपत्र रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौं, २०६४ ।

तिम्सीना, कमला, कृष्ण धाराबासीको तपाईं उपन्यासको कृतिपरक अध्ययन स्नातकोत्तर शोधपत्र रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौं, २०६५ ।

६०